# राजस्व सुधार कार्ययोजना

**[Revenue Improvment Action Plan]**

## मेलुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भेड्पु, दोलखा

बागमती प्रदेश, नेपाल

**असार, २०७८**

## विषय सूची


**परिच्छेद एक : परिचय ..... १**

१.१ पृष्ठभूमि ..... १

१.२ औचित्य ..... २

१.३ अध्ययनको उद्देश्य ..... २

१.४ अध्ययन विधि तथा प्रक्रिया ..... २

१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन ..... ३

१.४.२ तथ्याङ्क सूचना संकलन फारम तथा सूची विकास ..... ३

१.४.३ तथ्याङ्क सूचना संकलन ..... ४

१.४.४ तथ्याङ्क विश्लेषण तथा प्रारम्भिक मस्यौदा तयारी ..... ४

१.४.५ प्रतिवेदनको अन्तिम रूप ..... ४

१.५ अध्ययनको सीमा ..... ४

**परिच्छेद दुई : राजश्व परिचालनको वर्तमान अवस्था तथा पुनरावलोकन ..... ६**

**२.१** गाउँपालिकाको संक्षिप्त परिचय ..... ६

**२.२** मानव संसाधनको अवस्था ..... ७

**२.३** भौतिक सम्पत्तिको अवस्था ..... ७

**परिच्छेद तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता ..... ९**

३.१ गाउँपालिकाको राजश्व अधिकारसम्वन्धी सवैधानीक तथा कानूनी व्यवस्था ..... ९

३.२ आय परिचालनको अवस्था ..... ११

३.३ आन्तरिक स्रोत तर्फका राजश्व संकलनको प्रमुख क्षेत्रहरू र सम्भावना विश्लेषण ..... १३

३.३.१ कर राजस्व ..... १३

३.३.२ गैह्र कर राजस्व ..... १९

**परिच्छेद चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ..... २४**

४.१ राजश्व परिचालनसम्वन्धी नीतिहरु ..... २४

४.२ आय संकलनको संस्थागत क्षमता (राजश्व शाखा तथा राजश्व प्रशासन) ..... २४

४.२.१ राजश्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण ..... २४

४.२.२ राजश्व परामर्श समिति ..... २५

४.२.३ आन्तरिक आय परिचालन ..... २५

४.२.४ राजश्व प्रशासनमा सुधार गर्नुपर्ने पक्षहरू ..... २५

४.३ राजश्व परिचालनमा रहेका प्रशासन तथा नीति सम्वन्धी सवालहरु ..... २६

४.४ प्रभावकारी राजश्व परिचालनका प्रमुख पक्षहरु ..... २७

४.४.१ कानूनी तथा नीतिगत व्यवस्था ..... २७

४.४.२ उपयुक्त संगठन निर्माण ..... २७

४.४.३ तथ्याङ्कमा आधारित अभिलेखतथा स्रोतहरुको प्राथमिकीकरण ..... २७

४.४.४ विभिन्न आयमूलक कार्यक्रम ..... २७

४.४.५ पारदर्शिता र जवाफदेहिता ..... २७

४.४.६ परिवर्तित व्यवस्था अनुसार राजश्व संकलन ..... २८

परिच्छेद पाँच : राजश्व सुधार कार्ययोजना ..... २९

परिच्छेद छ : आगामी तीन वर्षको आय प्रक्षेपण ..... ३४

६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण ..... ३४

६.२ आमागी तीन आर्थिक वर्षको आय प्रक्षेपण ..... ३८

परिच्छेद सात : अपेक्षित नतिजा ..... ४०

परिच्छेद आठः कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन ..... ४२

**अनुसूचीहरु** ..... ४४

# तालिका सूची


तालिका १ः गाउँपालिकाका वडागत रूपमा घरधुरी, जनसंख्या र क्षेत्रफल तथा जनघनत्व ........ ७
तालिका २ः स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसारको राजश्व अधिकार ........ ९
तालिका ३ः गाउँपालिकाको आय परिचालनको अवस्था ........ ११
तलिका ४ः सम्पत्ति कर सम्भावनाको गणना........ १५
तलिका ५ः घरबहाल कर सम्भावनाको गणना........ १६
तलिका ६ : व्यवसाय कर सम्भवानाको गणना ........ १७
तलिका ७ : व्यवसाय रजिष्ट्रेशन दस्तुर सम्भवानाको गणना ........ २०
तलिका ८ः सिफारिस दस्तुर ........ २२
तालिका ९ः नक्सा पास दस्तुरको सम्भावनाको गणना........ २२
तालिका १०ः राजश्व परामर्श समिति विवरण ........ २५
तालिका ११ : गाउँपालिकाको आन्तरिक आयको अवस्था........ २५
तालिका १२ः राजश्व सुधार कार्ययोजना ........ २९
तालिका १३ आगामी तीन आर्थिक वर्षको लागि आय प्रक्षेपण ........ ३४
तलिका १४ गाउँपालिकाको आय संरचना ........ ३८

## परिच्छेद एक : परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधानले राज्य शक्तिको बाँडफाँडको लागि संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको अवधारणा ल्याएको छ । यी तीन तहका सरकारका बीचमा समन्वय र सहकार्यका आधारमा अघि बढ्ने गरी स्थानीय सरकारलाई २२ वटा एकल अधिकार प्रदान गरेको छ । यी अधिकारका अलावा संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्य गरी साझा अधिकारको परिपालना गर्नुपर्ने व्यवस्था पनि गरिएको छ । जुन एकल तथा साझा अधिकारको प्रयोग गरी गाउँपालिकाले बजेट सहितको वार्षिक तथा आवधिक योजना बनाउनु पर्नेछ । स्थानीय तहहरूको आय स्रोत संघीय सरकारसंग प्राप्त हुने अनुदानमा मात्र सिमित हुँदा जनआकाक्षा पुरा हुन सक्दैन । गाउँपालिकाले संघीय सरकारको बजेटमा मात्र आश्रित नरही संविधानले दिएको अधिकार प्रयोग गरी राजश्वका क्षेत्रहरूको पहिचान गर्ने, विद्यमान करका दायरा तथा दरहरू परिमार्जन गर्नुपर्ने हुन्छ । राजश्व सुधार कार्ययोजनाले समय सापेक्ष करका दायरा तथा दरहरूमा हेरफेर गर्न मद्धत गर्दछ ।

नेपालको संविधान र प्रचलित कानूनले भंसार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत व्यक्तिगत आय कर, राहदानी शुल्क, पारिश्रमिक कर, भिसा शुल्क, पर्यटन दस्तुर लगाउने अधिकार संघीय सरकारलाई दिएको छ । यसै गरी कृषि आयमा लाग्ने कर प्रदेश सरकारलाई दिएको छ । स्थानीय सरकारलाई सम्पत्ति कर, घर जग्गा बहाल कर, व्यवसाय कर, मालपोत/भूमिकर लगाउने अधिकार दिएको छ । पर्यटन शुल्क, प्राकतिक स्रोतबाट प्राप्त रोयल्टी, सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तीनवटै तहको साझा अधिकारको रूपमा दिएको छ । घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा रहेका छन । सम्पत्ति कर,घर जग्गा बहाल कर, व्यवसाय कर भुमिकर (मालपोत) लगाउने अधिकार स्थानीय तहलाई मात्र दिइएको छ । सबै तहले अधिकारको प्रयोग गर्दा कानुन बनाएर गर्नुपर्ने व्यवस्था छ । राजश्वको लागि कुनै पनि तहमा लिखित रूपमा उल्लेख नगरिएको विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था छ ।

नेपाल संघीय गणतन्त्रामक संरचनामा प्रबेश गरेपछि स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थापित भएको छ । निर्वाचित जनप्रतिनिधीहरूलाई जनताका आबश्यकता र चाहना पुरा गर्नुपर्ने दायित्व रहेको छ । यस अवस्थामा गाउँपालिकाहरूले आफुमा भएको अधिकार प्रयोग गरी जनताको कर तिर्न सक्ने क्षमतालाई मध्य नजर गर्दै आन्तरिक आयका स्रोत पहिचान तथा परिचालन गरी आन्तरिक आयमा वृद्धि गर्नुपर्ने हुन आउँछ ।

प्राकृतिक स्रोत तथा वित्तिय आयोगको सिफारिसमा स्थानीय तहलाई संघीय तथा प्रदेश सरकारबाट अनुदान दिंदा स्थानीय तहको खर्च गर्न सक्ने क्षमता तथा आन्तरिक आयका वृद्धि गर्ने क्षमताका आधारमा वित्तिय समानीकरण, शशर्त, समपुरक र विशेष अनुदान दिने व्यवस्था गरिएको छ । तसर्थ यस गाउँपालिकाको वित्तिय स्थिति सबल बनाउन राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan-RIAP)तयार पार्न लागिएको हो । प्रस्तुत सुधार योजना तीन वर्षका लागि बनाइएको छ र गाउँपालिकाले आवश्यकताअनुसार परिमार्जन गर्दै लैजानेछ । यस योजनाले

गाउँपालिकाको आन्तरिक आयमा वृद्धि गरी वित्तिय क्षमताको विकास गर्ने एवम् यसलाई सबल बनाउने र राजश्वको सम्भाव्य स्रोतको पूर्ण क्षमतामा उपयोग गर्ने लक्ष्य राखेको छ ।

## १.२ औचित्य

गाउँपालिकामा उठाइने राजस्वलाई राजस्व बढाउने स्रोतको रुपमा मात्र नलिएर यसलाई स्थानीय आर्थिक विकासको उत्प्रेरक र जवाफदेहिता तथा सक्षमता अभिवृद्धि गर्ने माध्यमको रुपमा लिई स्थानीय तहका राजस्व अधिकारका सम्भावनाहरूको खोजी गर्न, आवस्यक नीतिगत, कानुनी र ब्यवस्थापकिय सुधारका उपायहरूको पहिचान गरी तिनको कार्यान्वयन गरी भविष्यका दिनमा पहिचान गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कामको लागि यो राजस्व सुधार कार्ययोजनाले औजारको रूपमा काम गर्ने विश्वास गरिएको छ । गाउँपालिकाका जनताहरूबाट निर्वाचित जनप्रतिनिधिहरू, स्थानीय बासीहरूले आफ्नै पालिकाको विकासको लागि उठाइने कर वा गैरकर वापत तिरेको रकमको कसरी सदुपयोग भइरहेको छ भन्ने कुराको लेखाजोखा समेत स्थानीय सर्वसाधारणले आ-आफ्नै तरिकाले बिश्लेषण गरिरहेका हुन्छन् । गाउँपालिकामा थप आन्तरिक राजस्व परचिालन गरी यसको अधिकार क्षेत्रभित्रका उपलब्ध आन्तरिक आयका स्रोतहरूबाट सम्भावित राजस्व पहिचाहन गर्न आवश्यक हुन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ भित्र रहेर बनाइएको यस राजस्व सुधार कार्ययोजनाले यस गाउँपालिकको राजस्व क्षमताको पहिचान गर्न समेत महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ र प्रभावकारी ढंगले राजस्व सङ्कलन गर्न गाउँपालिकालाई थप मद्दत समेत पुऱ्याउँदछ भन्ने बिश्वास गरिएको छ । साथै यस अध्ययनबाट तयार गरिएको राजस्व सुधार कार्ययोजना नेपाल सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्तीय आयोगको लागि स्थानीय तहलाई उपलब्ध गराउने समानीकरण अनुदानसम्बन्धी मापदण्ड र सन्दर्भ समाग्रीको रुपमा समेत उपयोगी हुनसक्ने अपेक्षा गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको समग्र उद्देश्य मेलुङ गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था तथा आन्तरिक स्रोतका संभावनाहरूको विश्लेषण गरी प्रक्षेपण सहित आगामी तीन वर्षको राजश्व सुधार कार्ययोजना तयार गर्नु हो । यस उद्देश्य हासिल गर्नका लागि निम्नानुसारका विशिष्ठ उद्देश्य निर्धारण गरिएको छ ।

१. स्थानीय तहको राजश्वसम्बन्धी अधिकारको बारेमा गाउँपालिका निर्वाचित पदाधिकारीहरू, गाउँ कार्यपालिकामा कार्यरत विभिन्न शाखाका प्रमुखहरू, राजश्व प्रशासनमा संलग्न कर्मचारीहरू तथा अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्नु,

२. गाउँपालिकाको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्नु,

३. गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्ने सम्भावित स्रोतहरूको पहिचान गरी रणनीति सहितको आय सुदृढीकरण कार्ययोजना तयार गर्नु ।

## १.४ अध्ययन विधि तथा प्रक्रिया

राजश्व सुधार कार्ययोजना तर्जुमाकालागि राजश्वसंगसम्बन्धित विभिन्न समाग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरूको निर्माण, तथ्याङ्क संकलन तथा

विश्लेषण, कार्ययोजना तर्जुमाकालागि सहभागितामूलक छलफल तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको छ । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

पहिलो चरणमा राजश्व सुधार कार्ययोजना अध्ययन कार्यको लागि परामर्शदाता समुहबाट विभिन्न तथ्यांक स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन तथा विश्लेषण गरिएको थियो । सन्दर्भ सामग्री अध्ययनका कममा विशेषगरी निम्नानुसारका तथ्यांक स्रोतहरुको अध्ययन गरिएको थियो ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४
- गाउँपालिकाको आ.व.०७७/०७८ को योजना, नीति बजेट तथा कार्यक्रम
- आ.व.०७८र०७९ अन्तर सरकारी वित्तीय हस्तान्तरण (स्थानीय तह), २०७८
- आ.व.०७८र०७९ अन्तर सरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह), २०७८
- गाउँपालिकाको विनियोजन तथा आर्थिक ऐन, २०७७ ।

### १.४.२ तथ्याङ्क सूचना संकलन फारम तथा सूची विकास

आवश्यक सन्दर्भ सामाग्रीहरुको अध्ययन तथा विश्लेषण पश्चात विज्ञहरुको टोलीबाट तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरुको विकास गरिएको थियो । सूचना संकलन फारमलाई अन्तिम रुप दिन यस कार्यमा सम्लग्न विज्ञहरु बीच आवश्यक छलफल र अन्तरक्रिया समेत गरिएको थियो । सूचना संकलनका लागि तयार गरिएको फारमहरु निम्न किसिमका थिए ।

(क) गाउँपालिकाको परिचयको लागि आवश्यक आधारभूत र संस्थागत सूचना तथा मुख्य पदाधिकारीहरुसँगको परामर्शका छलफलका लागि सूचना संकलन फारम तयार गरिएको थियो । उक्त सूचीमा मुख्यतः गाउँपालिकाको संक्षिप्त परिचय, गठन, राजस्व प्रशासनको अवस्था र विगत तीन आर्थिक बर्षको राजस्व परिचालनको स्थितिबारे जानकारी लिने उद्देश्यले फारमहरुको प्रयोग गरिएको थियो ।

(ख) राजस्वका शीर्षकगत समुह छलफलका लागि आवश्यक सूचनासँग सम्बन्धित फारममा समेत छलफल गरिएको थियो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएअनुसारका कर र गैरकरहरुको शीर्षकगत रुपमा वर्तमान समस्याहरु, संभावना, समाधानका लागि गर्नु पर्ने उपायहरु र जिम्मेवार निकायको पहिचान र कार्यान्वयनको समयावधिका बारेमा समुहगत रुपमा छलफल गर्नका लागि यो फारम प्रयोगमा ल्याईएको थियो । आवश्यक आधारभूत र संस्थागत सूचना संकलनका लागि तयार गरिएका फारमहरु गाउँपालिकाका सम्बन्धित कर्मचारीहरुलाई इमेल मार्फत उपलव्ध गराई आधारभुत विवरण भरिएका फारमहरु संकलन गरिएको थियो ।

### १.४.३ तथ्याङ्क सूचना संकलन

अध्ययनको कममा गाउँपालिकाको सवै वडा कार्यालयहरु र विभिन्न शाखाहरूबाट आवश्यक तथ्याङ्क एवम् सूचनाहरू संकलन गरिएको थियो । यस कार्यका लागि कार्यालयका सुचना तथा तथ्याङ्क अभिलेख, सरोकारवाला पक्षहरूसंगको छलफल, स्थलगत भ्रमण तथा अवलोकन आदि विधि अवलम्बन गरिएको थियो । यस क्रममा निम्न लिखित तथ्याङ्क एवम् सूचनाहरू संकलन गरिएको थियो ।

- मेलुङ गाउँपालिकाबारे संक्षिप्त जानकारी
- वर्तमान राजश्व प्रशासनको अवस्था (संगठन संरचना, कर्मचारी, राजश्व असुली तथा भौतिक सुविधा आदि)
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दरसम्बन्धी विस्तृत विवरण
- राजश्व परिचालनकालागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरू
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरूसम्बन्धी तथ्याङ्क तथा सूचना (तथ्याङ्क, सरोकार पक्षहरूसंग छलफल, स्थलगत भ्रमण तथा अवलोकन)
- गाउँपालिकाको आ.व.०७७०७८ को योजना, नीति बजेट तथा कार्यक्रम ।

### १.४.४ तथ्याङ्क विश्लेषण तथा प्रारम्भिक मस्यौदा तयारी

गाउँपालिकाको विभिन्न स्रोतबाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषण तथा विभिन्न समूहमा गरिएको छलफलएवं प्रस्तुतिबाट प्राप्त सुझावहरूलाई समावेश गरी राजश्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयार गरिएको छ ।

### १.४.५ प्रतिवेदनको अन्तिम रूप

अध्ययनका क्रममा विभिन्न स्रोतबाट संकलित तथ्याङ्क तथा कार्यशाला गोष्ठी भौतिक दुरी कायम गर्नुपर्ने वाध्यात्मक परिस्थितीले भर्चुअल माध्यम (Zoom Meeting) बाट प्राप्त सुझावका आधारमा तयार पारिएको मस्यौदा प्रतिवेदन गाउँपालिकाको राजश्व परामर्श समितिले आवश्यक सरोकारवालासंग छलफल गरी सुझावहरू संकलन गरिएको थियो । ती सवै सुझावबाट प्राप्त विवरणलाई आधारमानी मस्यौदा प्रतिवेदन तयार गरीएको थियो । सो प्रतिवेदनलाई प्रमाणिकरण गर्न अन्तिम कार्यशाला गोष्ठी गरिएको थियो । गोष्ठीमा राजश्व परामर्श समितिका पदाधिकारी, गाउँपालिकाका अध्यक्ष, कर्मचारीहरु तथा सरोकारवाला व्यक्तिहरुको उपस्थिति भएको थियो । सोही कार्यशाला गोष्ठीबाट प्राप्त सुझावका आधारमा अन्तिम प्रतिवेदन तयार पारी प्रस्तुत गरिएको छ । यस प्रतिवेदनलाई कार्यपालिकाको बैठकबाट अन्तिम रूप प्रदान गरीसकेपछि गाउँसभाबाट अनुमोदन गरी कार्यान्वयन गरिने छ ।

## १.५ अध्ययनको सीमा

गाउँपालिकाको राजश्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक रहेको भएता पनि सिमित स्रोत साधन, आय र आय संम्भावना रहेका सार्वजनिक सम्पत्ति, संस्थागत अभिलेखसम्बन्धी प्रर्याप्त सूचनाको


अभाव, सिमित समयका कारण र विश्वव्यापि महाव्याधिको रुपमा रहेको कोभिड १९ (कोराना महामारी) को दोश्रो लहरको कारण उत्पन्न परिस्थिति लगायत यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् ।

- यो प्रतिवेदन प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूको आधारमा तयार गरिएको छ । अध्ययन तथा विश्लेषण कार्य गाउँपालिकाका सम्बन्धित शाखाका कर्मचारीहरू तथा अन्य सरोकार पक्षहरूसंग भएको विद्युतिय एवम् विभिन्न संचार माध्यमवाट हुने सुचना सम्प्रेषणका आधारमा सम्पन्न गरिएको छ ।
- गाउँपालिकाको आन्तरिक आय तथा स्रोतको पहिचान गर्ने उद्देश्यकोलागि तयार पारिएको तथ्याङ्क संकलन फाराम अनुसार प्राप्त तथ्याङ्कहरू गाउँकार्यपालिकाको कार्यालयहरूको अभिलेख तथा स्थलगत अध्ययनबाट संकलन गरिएको छ ।
- गाउँपालिकामा भएको अभिलेख र सरोकारवालाहरूको छलफलबाट प्राप्त सूचनाको आधारमा आयका स्रोतसम्बन्धी तथ्याङ्कहरू संकलन गरिएको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले दिएको राजश्व अधिकारको आधारमा राजश्वसम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ ।
- स्थानीय तहको निर्वाचन भई निर्वाचित पदाधिकारीहरूको कार्यकालको अन्तिम वर्षसम्म आइपुग्दा पनि प्रदेश तहको राजश्वसम्बन्धी प्रदेश कानून तर्जुमा भएको छैन । संवैधानिक व्यवस्था अनुरुपका उपरोक्त व्यवस्थाहरू पूर्ण भए पश्चात यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन ।
- कोभिड १९ महामारीको लकडाउनका कारण व्यापक सहभागितामा छलफल र कार्यशाला आयोजना गर्न नसकिएकाले सानो समुहमा मात्रै छलफल गरिएको थियो र अन्तमा गाउँपालिकामा प्रतिवेदन मस्यौदा गोष्ठी सम्पन्न गरियो ।

## परिच्छेद दुई : राजश्व परिचालनको वर्तमान अवस्था तथा पुनरावलोकन

### २.१ गाउँपालिकाको संक्षिप्त परिचय

नेपाल सरकारद्वारा दोलखा जिल्लाको साबिक ५ वटा गाउँ विकास समितिहरु (मेलुङ, भेडपु, डाँडाखर्क, घ्याङसुकाटोक र पवटी) लाई समायोजन गरेर ७ वटा वडाहरु रहने गरी २०७३ मा मेलुङ गाउँपालिका घोषणा गरिएको थियो । गाउँपालिकाको कार्यालय सदरमुकाम चरिकोटबाट लगभग ४० किलोमिटरको दुरीमा वार्ड नं. ४, भेडपुमा रहेको छ। यसको पूर्वमा तामाकोसी गापा, पश्चिममा सैलुङ गापा र रामेछाप जिल्ला, उत्तरमा सैलुङ गापा तथा दक्षिणमा रामेछाप जिल्ला पर्दछ ।



मेलुङगाउँपालिकाको अवस्थिति नक्शाा

यो गाउँपालिका वागमती प्रदेश अन्तर्गत रहेको १३ जिल्ला मध्ये दोलखा जिल्लाको ९ वटा स्थानीय तह मध्ये एक हो । यो गाउँपालिकाको क्षेत्रफल ८६.५४ वर्ग किलोमिटर रहेको छ । जसमध्ये भू-उपयोगका दृष्टिले खेति योग्य जमिन ६६.३ प्रतिशत छ । बनले ढाकेको क्षेत्र ( बुट्यान र बन क्षेत्र) ३०.६ प्रतिशत रहेको छ भने चरण क्षेत्र २४ प्रतिशत रहेको छ । यस गाउँपालिकाको तापक्रम जाडोमा मौसममा न्यूनतम -२ डिग्री (शैलुङडाँडा क्षेत्र) देखी २० डिग्री सेल्सियस (सितली बजार र सो असपासका क्षेत्रहरु) रहेको छ । गर्मी याममा अधिकतम २५ डिग्री सेल्सियस र न्यूनतम २ डिग्री सेल्सियस रहने गर्दछ। यस गाउँपालिका समुन्द्र सतहबाट ६३३ मि. उचाइ (सितली बजार दोलखा जिल्लाको सबै भन्दा कम सचाई भएको स्थान) बाट ३१५९ मि. उचाई (सैलुङडाँडा) मा अवस्थित रहेको यस गाउँपालिकाको हावापानी न्यानो समशीतोष्ण देखि चिसो सितोष्णमसम्मको हावापानी पाइन्छ । गाउँपालिकामा अषाढ, साउन र भदौमा अत्यधिक बर्षा हुन्छ भने मंसिर र पुष महिनामा भने १० मिमि भन्दा कम वर्षा हुने गर्दछ।

वि.सं.२०७५ सालको घरपरिवार तथ्याङ्क सर्वेक्षणअनुसार गाउँपालिकामा ७,२६१ घरधुरीमा कुल ३०,२०९ जनसङ्ख्या रहेको छ जसमा पुरुषको संख्या १५४१६ (५१.०३ प्रतिशत) र महिलाको संख्या १४७९३ (४८.९७ प्रतिशत) छ । यस गाउँपालिकामा लैङ्गिक (पुरुष र महिला) अनुपात १०४.२१२ रहेको छ र जनघनत्व ३४९.१ रहेको छ ।

तालिका १: गाउँपालिकाका वडागत रूपमा घरधुरी, जनसंख्या र क्षेत्रफल तथा जनघनत्व

| वडा नं | धरधुरी | जनसंस्या | क्षेत्रफल (वर्ग कि.मी.) | जनघनत्व प्रति कि.मी. |
|---|---|---|---|---|
| १ | १७३५ | ६९२३ | १६.९६ | ४०८ |
| २ | ७४२ | २९५० | ६.१९ | ४७७ |
| ३ | ६५२ | ३०८७ | १४.३० | २१६ |
| ४ | १५१५ | ५७०८ | १८.३९ | ३११ |
| ५ | ८८६ | ३८३६ | १४.२१ | २७० |
| ६ | ९३० | ४३४२ | १०.२७ | ४२३ |
| ७ | ८०१ | ३३६३ | ६.२२ | ५४१ |
| **जम्मा** | **७,२६१** | **३०,२०९** | **८६.५४** | **३४९.१** |

भाषाको दृष्टिकोणले नेपाली भाषा बोल्ने ७८.५३ प्रतिशत, तमाङ भाषा बोल्ने १८.८२ प्रतिशत, थामी भाषा बोल्ने १.०७ प्रतिशत, मगर भाषा बोल्ने ०.८१ प्रतिशत, नेवारी भाषा बोल्ने ०.३० प्रतिशत र अन्य ०.३४ प्रतिशत रहेका छन् । यस गाउँपालिकामा ० वर्ष देखि १४ वर्षसम्मको २५.८७ प्रतिशत, १४ वर्षदेखि ६९ वर्षसम्मको व्यक्ति ६८.०५ प्रतिशत र ६० वर्ष भन्दामाथिका ब्यक्ति ६.०८ प्रतिशत छन् । यहाँको शाक्षरता प्रतिशत ७२.४७ छ । रमाइलो चोक, दोबाटेपाटी, भ्याकुरे देवी ढलेको वर, गाईखुरा, काकलिङ् भन्ज्याङ्ग, माने बजार, सैलुङ्ग जुरेढुंगा, बुद्धचोक, डाँडाखर्क, दुदिले भन्ज्याङ्ग, मेलुङबजार, शित्तली वेशी, विरौटा, शित्तली महादेव मन्दिर यहाँको प्रसिद्ध स्थनहरु हुन् ।

## २.२ मानव संसाधनको अवस्था

मेलुङ गाउँपालिकाको मानव संसाधनको अवस्था हेर्दा विभिन्न तहमा भएको स्वीकृत दरवन्दी ३३ जना रहेको र हाल स्थायी दरवन्दीमा १९ जना, करारमा ४ जना कार्यरत रहेको अवस्था छ । गाउँपालिकामा हाल ११ पद रिक्त रहेको छ । कर्मचारीहरुमा प्रमुख प्रशासकीय अधिकृत सहित छैटौ तहमा ५ जना, पाँचौ तहमा ५ जना, चौथो तहमा ४ जना रहेको अवस्था छ । कार्यालय सहयोगी ३ जना, चौकिदार २ जना, हेल्थ असिस्टेन्ट १ जना, लेखा सहायक १ जना, आलेप १ जना, असिस्टेन्ट इन्जिनियर ४ जना, सहायक सव इन्जिनियर ५ जना, एम आइ एस अपरेटर १ जना र खानेपानी सव टेक्निसियन १ जना, हलुका सवारी चालक १ जना र व्याक हो लोडर अपरेटर १ जना रहेका छन् ।  गाउँपालिकामा तुरुन्त आवश्यिकीय जनशक्ति ११ रहेको छ जसमा पाचौ तहका ४ जना, प्राविधिक ३ जना र सहायक स्तरका ४ जना आवश्यक रहेको देखिन्छ ।

## २.३ भौतिक सम्पत्तिको अवस्था

मेलुङ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था विश्लेषण गर्दा आधारभूत अवस्था भन्दा पनि न्यून रहेको पाइन्छ । गाउँपालिकाको आफ्नै प्रशासनिक भवन छैन । सवारी साधनको हकमा एउटा बलेरो जिप, ९ वटा मोटरसाइकल र एउटा व्याक हो लोडर मात्र रहेको छ । फर्निचरहरुमा दराज

४६ वटा, टेवल ५८ वटा, कुर्सी (रिभल्विङ) २३ वटा, साधारण कुर्सी १६१ वटा र सोफासेट ८ थान रहेको छ भने प्रविधिसँग सम्बन्धित डेस्कटप कम्पुटर २५ वटा, ल्यापटप २१ वटा, प्रिन्टर २० वटा, फोटोकपी मेसिन ११ वटा र टिभीसेट ५ थान छन् ।

## परिच्छेद तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

स्थानीय सरकार सञ्चालन ऐन २०७४तथा नेपालको संविधान २०७२ अनुसार स्थानीय तहलाई प्राप्त राजश्वसम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि भएका कानूनी व्यवस्थाको विश्लेषण गरिएको छ । यस खण्डमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकार तर्फको राजश्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरू शीर्षकगत रुपमा विश्लेषण गरिएको छ ।

### ३.१ गाउँपालिकाको राजश्व अधिकारसम्बन्धी संवैधानीक तथा कानूनी व्यवस्था

नेपालको संविधान२०७२ ले गाउँपालिकालगायतका स्थानीय तहलाई निम्नानुसार राजश्व अधिकार प्रदान गरेको छ । संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई प्राप्त राजश्व अधिकारका क्षेत्रहरु यस प्रकार छन् ।

**तालिका २: स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसारको राजश्व अधिकार**

| राजश्वका शीर्षक | कानूनी प्रावधान |
|---|---|
| **कर** | ▪ एकिकृत सम्पत्ति कर वा घर जग्गा कर<br>▪ भूमि कर (मालपोत), सम्पत्ति कर नलगाएको अवस्थामा मात्र<br>▪ घर जग्गा बहाल कर<br>▪ व्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा<br>▪ सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)<br>▪ जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत । |
| **शुल्क** | ▪ बहाल बिटौरी शुल्क : आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत<br>▪ पार्किङ्ग  शुल्क : आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत । |
| **सेवा शुल्क** | ▪ आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर, बञ्जी जम्प, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्वन्धी सेवा वा व्यवसायमा<br>▪ आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा :<br>- खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि<br>▪ अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क<br>▪ सिफारिससम्बन्धी कुनै सेवा शुल्क । |
| **दस्तुर** | ▪ दर्ता, अनुमति तथा नवीकरण दस्तुरः<br>- एफ.एम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग |

| राजश्वका शीर्षक | कानूनी प्रावधान |
|---|---|
| | - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन र उपयोग<br>▪ नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर)<br>▪ पंजिकरण व्यवस्थापन दस्तुर<br>▪ वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिश तथा प्रमाणित बापत<br>▪ जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर । |
| **वस्तु तथा सेवा विकी** | ▪ ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर । |
| **सामुदायिक वनबाट आय प्राप्त गर्ने** | ▪ वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने (*केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित यो प्रावधानमा प्रभाव पर्ने गरी मिति २०७६।०६।०७ मा प्रमाणीकरण गरिएको वन ऐन, २०७६ मा भएको व्यवस्था अनुसार*) । |
| **संघ तथा प्रदेश कानुनको आधारमा स्थानिय तहमा प्राप्त हुने** | ▪ प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी<br>▪ खनिज पदार्थको उत्खनन रोयल्टी<br>▪ सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी<br>▪ पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी<br>▪ प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी<br>▪ खनिज पदार्थको उत्खनन रोयल्टी<br>▪ सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी<br>▪ पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी<br>▪ खानेपानी महसुल<br>▪ स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क<br>▪ स्थानीय स्तरमा जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र वजार ब्यवस्थापन<br>▪ जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति<br>▪ स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण<br>▪ इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण<br>▪ स्थानीय तहका पत्रपत्रिकाको दर्ता । |
| **स्थानीय तहमा संकलन भई बाँडफाँड हुने** | ▪ बिज्ञापन करः स्थानीय तहले दर निर्धारण र संकलन गर्ने<br>▪ मनोरञ्जन करः स्थानीय तहले संकलन गर्ने (दर र संकलन विधि प्रदेशले निर्धारण गर्ने)<br>▪ घर जग्गा रजिष्ट्रेशन शुल्क : स्थानीय तहले संकलन गर्ने (दर निर्धारण प्रदेशले गर्ने )<br>▪ उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्रालय सम्पदा प्रवेश शुल्कको दर निर्धारण र संकलन स्थानीय तहले गर्ने<br>▪ ढुङ्गा, गिट्टी, स्लेट, वालुवा, चुनढुङ्गा, अभ्रख, दहत्तर वहत्तरमा प्राकृतिक स्रोतको करको दर र प्रकृया प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले संकलन गर्ने । |
| **प्रदेश तहबाट संकलन** | ▪ सवारी साधन (माथि उल्लेखित बोहक) करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने |

| राजश्वका शीर्षक | कानूनी प्रावधान |
|---|---|
| **भई बाँडफाँड हुने** | र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने<br>▪ पदयात्रा तथा पर्यटन शुल्कको दर निर्धारण र संकलन प्रदेश गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने<br>▪ पवर्तारोहण, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरंक्षण तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क निर्धारण र संकलन नेपाल सरकारले गरे बमोजिम हुने। |

## ३.२ आय परिचालनको अवस्था

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकालाई प्राप्त राजश्व अधिकारका शीर्षकहरूको परिचालन कसरी भैरहेको छ भन्ने जान्नु उपयुक्त हुन्छ । गाउँपालिकाले उपरोक्त राजश्व शीर्षकहरू मध्ये हाल असुली गरिरहेको, संकलनका लागि आवश्यक नीतिगत निर्णय मात्र गरेको र सम्भावना भएका त्यस्ता क्षेत्रहरुको यथार्थ अवस्थाको बारेमा सम्बन्धित शाखागत छलफलबाट प्राप्त गाउँपालिकाको आय परिचालनको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ।

**तालिका ३: गाउँपालिकाको आय परिचालनको अवस्था**

| क्र.सं | आयका प्रकार | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | संकलन भएको/नभएको |
|---|---|---|---|---|
| **क.** | **कर राजश्व तर्फ** | | | |
| १ | सम्पत्तिमा आधारित कर – घर जग्गा तथा मालपोत वा भूमिकर | भएको | आर्थिक ऐन २०७७को दरअनुसार गर्ने | भएको |
| २ | सम्पत्तिमा आधारीत कर सम्पत्ति कर | भएको | आर्थिक ऐन २०७७को दरअनुसार गर्ने | भएको |
| ३ | सवारी कर (रिक्सा, अटोरिक्सा, ट्याक्सी) | नभएको | प्रदेश कानून बमोजिम लगाईने | नभएको |
| ४ | सवारी दर्ता तथा वार्षिक सवारी कर | नभएको | नभएको | नभएको |
| ५ | घर जग्गा बहाल कर | भएको | वहाल रकमको १० प्रतिशत | भएको |
| ६ | व्यवसाय कर | भएको | खुद्रा रु १०० देखि ५००सम्म | भएको |
| ७ | विज्ञापन कर | भएको | व्यापारिक बस्तुको लागि प्रति वर्ग फिट रु ५० र मनोरञ्जनमुलक विज्ञापनमा बाषिक रु १००० | भएको |
| ८ | मनोरञ्जन कर | भएको | सिनेमा हलमा प्रवेश शुल्कको ३ प्रतिशत | नभएको |
| ९ | व्यावसायिक भिडियो कर | भएको | भिडियो वृतचित्र निर्माण रु १००० | नभएको |
| १० | घर जग्गा रजिष्ट्रेशन शुल्क | भएको | रु २० देखि ३००० सम्म मालपोत (जग्गाको प्रकारको आधारमा) प्रति रोपनी चाहार रु ७, सीम रु ८, दोयम रु ९ र अब्बल रु १० | भएको |

| क्र. सं | आयका प्रकार | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | संकलन भएको/नभएको |
|---|---|---|---|---|
| ११ | जडिबुटी, कवाडी र जिवजन्तु कर | भएको | भएको | नभएको |
| **ख.** | **गैर कर राजश्व** | | | |
| १ | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | भएको (वडा नं. १,२, ४ र ७ मा) | प्रति घन मिटर रु ३६० र प्रति वर्ग फिट रु ५ | नभएको |
| २ | नक्सापास दस्तुर | भएको | प्रति नक्शा रु ५०० | भएको |
| ३ | व्यक्तिगत घटना दर्ता शुल्क | विलम्ब वापतको शुल्क | रु ५० | भएको |
| ४ | वहाल विटौरी शुल्क | भएको | महिना प्रति रु १००० देखि ५००० सम्म | नभएको |
| ५ | पार्किङ्ग शुल्क | नभएको | न्यूनतम रु ५ देखि रु २५ र अधिकतम रु ५० देखि रु १५० सम्म | नभएको |
| ६ | अस्पताल संचालन | भएको | भएको | नभएको |
| ७ | फोहरमैला व्यवस्थापन शुल्क | भएको | व्यक्तिगत घरः दुई तलासम्म रु ५० सोभन्दामाथि तला पिच्छे रु ५० थप मासिक | नभएको |
| | | | होटल व्यावसायः रु १०० देखि रु ५०० मासिक | |
| | | | अन्यः सेवाको प्रकृति हेरी रु १५० देखि रु ६०० सम्म मासिक | |
| ८ | स्थानीय खानेपानी महसुल | भएको | न्यूनतम रु ५० | नभएको |
| ९ | स्थानीय विद्युत महसुल | नभएको | नभएको | नभएको |
| १० | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | नभएको | बोटिङ, वन्जीजम्प, र्‍याफ्टिङ, शुल्क रु ५००० (वार्षिक) | नभएको |
| ११ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुलआदि | भएको | अनुमति शुल्क (व्यवसायीक) रु ५००० | नभएको |

| क्र. सं | आयका प्रकार | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | संकलन भएको/नभएको |
|---|---|---|---|---|
| १२ | मूल्यांकन सेवा शुल्क | भएको | रु १०० देखि रु २००० सम्म | भएको |
| १३ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | भएको | भएको | नभएको |
| १४ | ढुङ्गा, गिट्टी, वालुवा, चुन, माटो, खरीढुङ्गा, स्लेट आदि वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | प्रति घन मिटर रु ३६० र प्रति वर्ग फिट रु ५ | नभएको |
| १५ | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | रु ५० देखि रु १०० सम्म | भएको |
| १६ | दण्ड जरिवाना | भएको | पालिकाका नियम अनुसार | भएको |

*स्रोतः शाखागत छलफलको आधारमा*

गाउँपालिकामा उल्लेखित करका शीर्षकतर्फ सम्पत्तिमा आधारित मालपोत कर संकलन भएको देखिन्छ । घरजग्गा वहाल करतर्फ आशिंक मात्रामा असुली भएको देखिएको छ । जडीबुटी, कवाडी र जीवजन्तु कर तथा मनोरञ्जन कर सम्भावना न्यून रहेको छ । सवारी करको सम्भावना देखिदैन । ब्यवसाय कर उठाइएको छ तर अझै प्रभावकारी बनाउनु पर्ने छ ।

त्यसैगरी गैरकर तर्फ वडाबाट गरिने सिफारिस दस्तुर, नक्सापास दस्तुर, सम्पत्ति मूल्यांकन सेवा शुल्क, पूर्वाधार उपयोग सेवा शुल्क, फोहरमैला व्यवस्थापन शुल्क लगाउने गरिएको छ । बहाल बिटौरीका मार्फत सिमित मासिक भाडा बापतको शुल्क उठ्ने गरेको देखिन्छ ।

गाउँपालिकामा राजस्व संकलन हुने विभिन्न आय शीर्षकहरू मध्ये हाल १३ वटा शीर्षकहरुबाट मात्र संकलन भइरहेको छ तथापि राजश्व प्रशासन सुधार गरी अन्य शीर्षकहरूबाट समेत आय संकलन गर्ने सम्भावना देखिन्छ ।

## ३.३ आन्तरिक स्रोत तर्फका राजश्व संकलनको प्रमुख क्षेत्रहरू र सम्भावना विश्लेषण

गाउँपालिकाले प्रचलित कानून बमोजिम आन्तरिक स्रोत तर्फ संकलन गर्ने राजश्व मध्ये यस गाउँपालिकाले हाल उठाइरहेका विद्यमान तथा सम्भावित नयाँ आय क्षेत्रहरूको सम्भावनाको विश्लेषणात्मक अध्ययन यस शीर्षक अन्तर्गत गरिएको छ ।

### ३.३.१ कर राजस्व

#### क. भूमि कर (मालपोत)

**हालको अवस्थाः** गाउँपालिकाको आर्थिक ऐन, २०७७ ले सम्पत्ति कर लगाउने भनी तोकिएको जग्गा बाहेकका अन्य जग्गामा भूमिकर लगाउने व्यवस्था गरेको छ । जग्गाको मूल्यांकन गर्दा जग्गाको क्षेत्रफल, जग्गा भौगोलिक अवस्थिति, जग्गाको उपयोगको अवस्था, जग्गा रहेको स्थानमा पूर्वाधार विकासको अवस्थालाई आधार मानिने व्यवस्था उक्त ऐनले गरेको छ । गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने एकीकृत सम्पत्ति कर/घरजग्गा करको सम्पत्तिको अधारमा ३९ प्रकारले वर्गीकरण गरी

दर निर्धारण गरेको छ । न्यूनतम रु २० देखि तीन हजारसम्म तोकेको छ । गाउँपालिकाले करदाताबाट सम्पत्ति कर र भूमी करको रकम बुझिलिई करदातालाई एकीकृत रुपमा एउटै विल/रसिद दिन सक्ने प्रावधान अनुरुप हाल उक्त करहरु एकैपटक एकीकृत रुपमा संकलन गर्न सकेको छैन । चालु आ व २०७७/७८ को हालसम्मको मालपोत दस्तुर रु ३,४०,६०२ संकलन भएको छ ।

**संभाव्यता:** विगतका वर्षहरुको मालपोत असुलीको विश्लेषण हेर्दा गाउँपालिकालाई करिब ४ लाख हाराहारी संकलन हुने देखिन्छ । गाउँपालिकाले सम्पति कर लगाउने तयारी गरीरहेकाले आगामी आ.व. देखि भूमी तथा मालपोत करको संकलनमा केही मात्रमा कमी आउने र त्यस पछिका वर्षहरुमा भने मालपोतको बक्यौता रकममा केही वृद्धि हुने देखिन्छ ।

**सुधारका पक्षहरू:**

गाउँपालिकामा भूमि तथा करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक उपलब्ध छैन । यसकारण भूमि र करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक संकलन र नियमित अद्यावधिकरणको व्यवस्था गर्नु भूमिकरसम्बन्धमा प्रमुख आवश्यकताको रुपमा रहेको देखिन्छ । थप सुधारका पक्षहरु देहायअनुसार छन्:

- मालपोत कार्यालयबाट तथ्यांक संकलन गरेर अथवा मालपोत कार्यालयसँगको समन्वयमा नयाँ नापी गरेर भूमिसम्बन्धी यकीन र विस्तृत तथ्यांक कायम गर्ने
- सडकहरुको नक्साङ्कन, नामकरण र लगत कट्टाको व्यवस्था गर्ने
- सम्पत्ति करमा दर्ता भएका करदाताको विवरणहरू व्यवस्थित रुपमा अभिलेखीकरण गर्ने
- आर्थिक ऐन परिमार्जन गरी भूमिकर र सम्पत्ति कर अनिवार्य रुपमा एकैपटक उठाइने कानूनी व्यबस्था गर्ने
- भूमिकर लाग्ने जग्गाको मूल्यांकनमा आवश्यकता अनुसार परिमार्जन गर्ने ।

## ख. सम्पत्ति कर

**हालको अवस्था:** गाउँपालिकाको पाश्वचित्र विवरणअनुसार यहाँ कुल ७२६१ घरधुरी रहेका छन् । विद्यमान कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लिने व्यवस्था गरेको छ । गाउँपालिकाले जग्गाको करसम्बन्धमा जग्गाको प्रकृतिहेरी ४ वर्गमा (अव्वल, दोयम, सिम र चाहार) वर्गीकरण गरेको छ । जसमा प्रति रोपनी जग्गाको अव्वलमा रु १०, दोयममा रु ९, सिममा रु ८ र चाहारमा रु७ कायम गरेको छ । गाउँपालिकामा ढलान वा पक्की घर भएका ३०२ घरधुरी, अर्धपक्की ६८८४ घरधुरी, कच्ची ४५ र झुप्रो/छाप्रो/टहरा ३० घरधुरी रहेका छन् । सम्पत्ति कर मुख्य स्रोतको रुपमा रहेपनि हालसम्म यस वापतको कर संकलन हुन सकेको छैन ।

**संभाव्यता:** गाउँपालिकामा करिब ७२६१ घरधुरी रहेकाले सम्पत्ति करका करदाताको रुपमा करिब ८००० अनुमानित करदाता हुन सक्ने अनुमान रहेको छ । गाउँपालिकाले आवश्यक सम्पत्ति कर संकलनसम्बन्धि नीति निर्माण गरि आवश्यक स्व घोषणा कर विधी मार्फत करको दरभन्दा पनि

दायर बढी हुने गरी दर रेट हरु लागु गर्नु पर्ने र करदाताहरु लाई कर तिर्नु पर्ने जिम्मेबारी बोध गर्नु पर्ने देखिन्छ । सम्पति कर गाउँपालिकाको मुख्य आय स्रोत हुन सक्ने देखिन्छ । अनुमानित करदाताको संख्या तथा सम्पत्तिकरको न्यूनतम औसत अनुमानित दरका आधारमा गणना गर्दा सम्पत्ति करको सम्भावना देहाय बमोजिम देखिन्छ ।

**तलिका ४ः सम्पत्ति कर सम्भावनाको गणना**

| क्र.सं. | सम्पत्तिको औसत मूल्यांकन | अनुमानीत करदाता संख्या | औसत करको दर | सम्भाव्य आम्दानी |
|---|---|---|---|---|
| १ | २० लाख रुपैयाँसम्मको मूल्यांकनमा | १०५० | १०० | १०५००० |
| २ | २१ लाखदेखि ५० लाखसम्मको मुल्यांकनमा | २५०० | २७० | ६७५००० |
| ३ | ५१ लाखदेखि १ करोडसम्मको मुल्यांकनमा | १७०० | ७०० | ११९०००० |
| ४ | १ करोड १ लाखदेखि २ करोडसम्मको मुल्यांकनमा | १२५० | १२५० | १५६२५०० |
| ५ | २ करोड १ लाखदेखि ३ करोड ३० लाखसम्मको मुल्यांकनमा | १३०० | २००० | २६००००० |
| ६ | ३ करोड १ लाखदेखिमाथिको मुल्यांकनमा | २०० | ३००० | ६००००० |
| | **जम्मा** | **८०००** | | **६७३२५००** |
| | *पहिलो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ५०* | | | ३३६६२५० |
| | *दोश्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ६५* | | | ४३७६१२५ |
| | *तेस्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ८५* | | | ५७२२६२५ |

**सुधारका पक्षहरूः**

सम्पत्ति कर कार्यान्वयनमा आइसकेको भए पनि सम्भावित सबै करदाता करको दायरामा आइसकेको देखिँदैन । सम्पत्ति करका सम्बन्धमा गाउँपालिकाले सुधार गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छ ।

- गाउँपालिकाको आर्थिक ऐनमा हाल भएको सम्पत्ति करसम्बन्धी प्रावधानलाई विद्यमान संघीय कानुन बमोजिम हुने गरी परिमार्जन गर्ने
- गाउँपालिकाका सबै सम्भावित करदाताको लगत संकलन गरी घर दर्ता सम्पन्न गर्ने
- सम्पत्ति मूल्यांकन दर र सम्पत्ति करको दर पुनरावलोकन गरी यथार्थपरक बनाउने
- करको दायरामा नआएकालाई सूचनामूलक, जनचेतनामूलक तथा अन्य कार्यक्रममार्फत् करको दायरामा ल्याउने
- सम्बन्धित करदाताको सम्पत्ति मुल्यांकन यथार्थपरक बनाउन घर र बाटोको डिजिटल नक्सांकन गरी नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने तथा यसलाई राजस्व संकलन गर्ने कर्मचारीको सहज पहुँचमा राख्ने
- सबै वडामा कम्प्युटरमा आधारित बिलिङ पद्धतिलाई अनिवार्य गर्ने
- सम्पत्ति करको विजकलाई सूचना प्रविधिको माध्यमद्वारा करदातालाई अग्रिम रुपमा जानकारी गराउने पद्धति सुरु गर्ने ।

**ग. घरजग्गा बहाल कर**

**हालको अवस्थाः** गाउँपालिकाको आर्थिक ऐनले पालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा घर जग्गा वहाल कर लगाईने र असूल गरिने उल्लेख गरेको छ । संस्थागत बहाल कर (भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा, वा पोखरी पूरै वा आशिंक तवरले बहालमा दिएकोमा) बहाल रकमको १० प्रतिशत तोकेको छ । गाउँपालिका क्षेत्र भित्र घरजग्गा बहालको एकिन तथ्यांक नभएता पनि आ.व. २०७७।७८ को असार १ गतेसम्मको अवस्था हेर्दा घर बहाल करबाट रु २७,००१ आम्दानी भएको छ ।

**सम्भाब्यताः** गाउँपालिकाले घरजग्गा बहाल करलाई संस्थागत, व्यवसायिक र आवसिय गरी तीन भागमा वर्गीकरण गरी घर बहाल कर संकलन गर्न सकिने देखिएता पनि हाल गाउँपालिकाले १० प्रतिशत दर कायम गरेको देखिन्छ । घर बहाल कर तिर्ने करदाताको एकीन तथ्यांक नभएता पनि गाउँपालिकामा करिब १४० घर धनीहरुले आफना घर बहालमा लगाउने गरेको र त्यस बापत करिब ३ लाख ७२ हजार बराबरको कर संकलन हुने सम्भावना देखिन्छ ।

**तलिका ५: घरबहाल कर सम्भावनाको गणना**

| क्र.सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | बहालमा वस्ने संख्या | मासिक भाडा रकम | वार्षिक भाडा रकम | जम्मा भाडा असुली | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | | (ख) | (ग) | (घ) | |
| | | (क) | अनुमानित | खX १२ | क X ग | घ को १० प्रतिशत |
| १ | संस्थागत | २० | ५००० | ६०००० | १२००००० | १२०००० |
| २ | ब्यवसायिक | १५ | ७००० | ८४००० | १२६०००० | १२६००० |
| ३ | आवासिय | १०५ | १००० | १२००० | १२६०००० | १२६००० |
| **जम्मा** | | **१४०** | | | **२४६००००** | **३७२०००** |
| *पहिलो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ५०* | | | | | | १८६००० |
| *दोश्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ६५* | | | | | | २४१८०० |
| *तेस्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ८५* | | | | | | ३१६२०० |

**सुधारका पक्षहरू:**

गाउँपालिकाका पदाधिकारी, कर्मचारी तथा सरोकारवालासँगको छलफल तथा स्थानीय स्तरको अध्ययन भ्रमणका आधारमा घरबहाल करमा सुधारका लागि निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

- घरबहालमा दिनेहरुको लगत संकलन गर्ने र नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने
- घरबहाल कर संकलन गर्दा गाउँपालिकाले निर्धारण गरेको दरमा आधारित भई कर असुली गर्ने
- घरधनी तथा बहालमा बस्ने दुवैलाई बहाल करको विषयमा जानकारी गराउने
- सम्पत्ति कर, व्यबसाय कर र घर जग्गा बहाल कर संकलनलाई एकीकृत रुपमा एकै पटक उठाउन सकिने गरी तथ्यांक र असूली प्रकृयामा सफ्टवेयर पद्धति विकास गरी कार्यान्वयनमा ल्याउने ।

### घ. वित्तिय र पूँजिगत कारोवारमा लाग्ने कर (व्यवसाय कर)

**हालको अवस्थाः** गाउँपालिकाले आर्थिक ऐन मार्फत् कारोवारको प्रकृति हेरी व्यापार, व्यवसाय र सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने व्यवस्था गरेको छ । आर्थिक ऐनमा अधिकृत पुँजीका आधारमा २८ भागमा वर्गीकरण गरिएको छ । सबैभन्दा बढी क श्रेणीका निर्माण व्यवसायी दर्ता शुल्क रु १५००० र नवीकरण शुल्क रु १०००० निर्धारण गरिएको छ, भने दोस्रो बढी क्यासिनो संचालनको लागि दर्ता शुल्क रु ५००० र नवीकरण शुल्क रु ३००० निर्धारण गरिएको छ । न्यूनतम दर्ता शुल्क कृषी तथा पशुपालन व्यावसायको र अन्य सेवाका लागि दर्ता शुल्क रु १०० र नवीकरण शुल्क रु ५० निर्धारण गरिएको छ । गाउँपलिकामा हालसम्म कुनै व्यवसाय कर संकलन भएको छैन ।

**संभावनाः** व्यवसाय कर सम्बन्धि गाउँपालिकामा एकीन तथ्यांक नभएता पनि सबै वडाहरुमा विभिन्न प्रकारका साना ठुला गरी करिब १४० वटा व्यावसायहरु संचालन रहेको अनुमान गर्न सकिन्छ । सबै व्यवसाय गाउँपालिकामा दर्ता भई करको दायरमा आएका छैनन् । ती व्यवसायहरुलाई करको दायरामा समावेस गर्न सके आगामी आ.व.मा करको दायरामा आउने साना ठुला व्यावसायवाट औसत रु. ५०० का दरले करिब ७५ हजार व्यवसाय कर संकलन हुन सक्ने र त्यस पछिका वर्षहरुमा कर संकलनमा १० प्रतिशतका दरले वृद्धि हुने सम्भावना देखिन्छ ।

**तलिका ६ : व्यवसाय कर सम्भवानाको गणना**

| क्र.सं. | व्यापार व्यवसायको विवरण | संख्या | औसत करको दर | संभावित आय |
|---|---|---|---|---|
| १ | विभिन्न व्यवसाय (फरक फरक लागानी पूँजी भएको व्यवसाय) | १५० | ५०० | ७५००० |
| जम्मा | | १५० | | ७५००० |

**सुधारका पक्षहरूः**

गाउँपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- गाउँपालिकामा सञ्चालित सबै किसिमको व्यवसायको विवरण/लगत तयार गर्ने
- घुम्ती टोली खटाई स्थलगत रुपमै व्यवसाय दर्ता गरी प्रमाणपत्र दिने र कर संकलन गर्ने व्यवस्था गर्ने
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोबारको आधारमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने
- व्यवबसाय दर्ता, नवीकरण र खारेजीसम्बन्धी स्पष्ट कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने
- व्यवसाय करलाई दर्ता र नवीकरणमा लिने गरी कानूनी व्यवस्था परिमार्जन गर्ने
- बजार अनुगमन गर्ने, यसका लागि राजस्व परामर्श समितिलाई बढी सक्रिय बनाउने
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने साथसाथै यससम्बन्धमा नागरिकका गुनासो सुनुवाइ गरी जायज गुनासो सम्बोधनको व्यवस्था गर्ने
- कर प्रशासनमा दण्ड र पुरस्कारलाई नियमित प्रक्रियाका रुपमा स्थापित गर्ने । जस्तै- अधिकतम कर तिर्ने करदातालाई पुरस्कृत गर्ने । करको दायरामा नआउनेलाई उच्च दरमा जरिवानाको व्यवस्था पर्ने । छुटको व्यवस्था समेत कानूनमा व्यबस्था गर्ने ।

## ङ. विज्ञापन कर

**हालको अवस्था:** विद्यमान कानूनी व्यवस्था अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार यो प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो । यस गाउँपालिकाक्षेत्रभित्र हुने विज्ञापनमा गाउँपालिकाको आर्थिक ऐन अनुसूची (४) को अन्य सेवाअन्तर्रगत विज्ञापन कर लगाई असूल उपर गरिने र यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिका संचित कोषमा राजश्व बाडँफाड गर्नुपर्ने उल्लेख गरिएको छ । हालसम्म गाउँपालिकाले विज्ञापन शीर्षकबाट विज्ञापनदाताहरुसँग सम्झौता गरी आम्दानी गरेको देखिदैन ।

**सम्भावना:** यस गाउँपालिकाअन्तर्गत कुनै राजमार्ग नपरेपनि दुई वटा सहायक राजमार्ग पर्दछन् । बजार क्षेत्र, वसपार्क क्षेत्र, राजमार्गका सडक र धार्मिक तथा पर्यटकीय क्षेत्र आसपास साना ठूला होर्डिङ बोर्डहरु राखे बापत एकमुष्ठ ठेक्का मार्फत विज्ञापन कर संकलन हुने सम्भावना देखिएता पनि हाललाई यस किसिमको करको गणना गरिएको छैन ।

**सुधारका पक्षहरू:**

- गाउँपालिका क्षेत्रमा रहेका विद्यमान विज्ञापन सामग्री सम्बन्धी लगत संकलन गर्ने
- विज्ञापन कर व्यबस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने
- कार्यविधि तर्जुमा गर्दा विज्ञापन सामग्रीको आकारका अतिरिक्त विज्ञापनका विषयवस्तुलाई पनि वर्गीकृत गर्ने
- विज्ञापन करको अनुगमनलाई प्रभावकारी बनाई सबै विज्ञापन करको दायरामा आउने विषय सुनिश्चित गर्ने
- सार्वजनिक जग्गा बाहेक निजी घर र जग्गामा राखिएका विज्ञापन सामग्रीमा समेत कर लगाउने गरी कानूनी व्यबस्था गर्ने ।

## च. जडीवुटी, कवाडी, जीवजन्तु कर

**हालको अवस्था:** यस शीर्षकमा गाउँपालिकाले हालसम्म कुनै कर संकलन गरेको छैन । गाउँपालिकाको आर्थिक ऐनमा गाउँपालिका क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस, मरेका जन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत कर लगाइने र असुल उपर गरिने उल्लेख गरेको छ । गाउँपालिकाको आर्थिक ऐनको अनुसूची ५मा६२ प्रकारका जडीबुटी लगायत अन्य वन पैदावरको व्यवसायिक उपयोग कर निर्धारण गरिएको छ । जसमा हाडे लसुन प्रति केजी रु ०.२५, खोटो प्रति केजी रु. ५, भेनियर पत्ता भ्यान ट्रकमा प्रति भ्यान रु १२०० सम्म, बुकीफूलको तेल रु२००, काठको भुस प्रति ट्रक १०० कर लगाइने उल्लेख छ । त्यसैगरी जीवजन्तु कर (प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड प्रति केजी रु २, प्वाँख, सीङ  र खुर प्रति केजी रु ३, छाला प्रति गोटा रु २५ देखि ५० सम्म व्यवसायिक उपयोग कर व्यवस्था गरिएको छ । यस किसिमका कर बापत गाउँपालिकालाई निकासी कर बापत न्यून मात्रामा आय प्राप्त भएको छ ।

**सम्भावनाः** यस गाउँपालिकाका सहयायक तथा ग्रामिण सडकको विस्तार हुँदै गएको र बजार बिस्तार हुँदै गएको हुनाले कवाडी मालवस्तुको संकलन र निर्यात हुने सक्ने देखिन्छ । त्यसैगरी जडिबुटी (खोटो, अलैची, वन लसुन, विभिन्न जडिबुटीको तेल आदि) को संकलन तथा बिक्री सम्बन्धमा कुनै तथ्यांक नभए पनि आसपासको ग्रामीण क्षेत्रमा यसको उत्पादन र विक्रीको सम्भाब्यता देखिन्छ । त्यसैगरी जीवजन्तुको हाड, छाला, प्वाख आदिको अभिलेख विना कारोबार भइरहेको सुनिछ तसर्थ निगरानी र कडाई कर लागु गर्न सके कवाडी तर्फ १ लाख र जडिबुटी र जिवजन्तु तर्फ २ लाख गरी करिब ३ लाख हाराहारीमा आम्दानी हुनसक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- यससँग सम्वन्धित व्यवसायीहरुको दर्ता र अभिलेखीकरण गर्ने
- कवाडी वस्तुको व्यवसायिक कारोवारलाई इजाजत प्रदान गरी वार्षिक ठेक्का मार्फत कर संकलन गर्ने
- जडीबुटीको र जिवजन्तुको उपलब्धता पत्ता लगाई कारोबारमा कर संकलन शुरुवात गर्ने ।

## छ. सवारी साधन कर

हालको कानूनी व्यवस्था अनुसार गाउँपालिकाले सिमित सवारी साधन (ईरिक्सा, ठेला गाडा, टाँगा र रिक्सा) हरूको मात्र दर्ता, नवीकरण तथा वार्षिक वार्षिक सवारी कर संकलन गर्न सक्ने अधिकार भएकाले सोको मात्र सम्भावनाको अध्ययन गरिएको छ । आर्थिक ऐनको अनुसूची ६ मा सवारी साधन कर प्रदेश कानून बमोजिम लगाईने र असुल उपर गरिनेछ भनी व्यवस्था गरेको छ । गाउँपालिका क्षेत्रमा राजस्व संकलन गर्न सकिने त्यस किसिमका सवारी साधनहरू न्यून संख्यामा रहेको र यसको लगत तथा नियमन नभएकाले राजश्व संकलन भई रहेको देखिदैन । त्यसैले हाललाई सम्भाव्यता गणना गरिएको छैन तर निम्न कुराहरु सुधार गरी आगामी दिनमा यस किसिमको कर संकलनलाई दायरामा ल्याउन सकिने देखिन्छ ।

**सुधारका पक्षहरूः**

गाउँपालिकाले साना सवारी कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- रिक्सा, विद्युतीय रिक्सा सम्बन्धी तथ्यांक संकलन गरी गाउँपालिकामा दर्ता गराउने
- सवारी साधनको दर्ता, नवीकरण, खारेजी, रुट परमिट लगायतका कार्यका लागि आवश्यक कार्यविधि कानुन निर्माण, जनशक्ति व्यबस्थापन र अन्य सम्बद्ध निकायहरुसँग समन्वयको व्यबस्था मिलाउने
- करको दर र सम्बन्धित विषयमा सरोकारवालाहरुसँग छलफल गरी छिमेकी गाउँपालिकाहरुको दरसँग मिल्दोजुल्दो हुने गरी करको दर निर्धारण गर्ने
- इन्जिनको क्षमता, निर्माण वर्ष आदिको आधारमा मापदण्ड तयार गरी सोको आधारमा करको दर निर्धारण गर्ने ।

### ३.३.२ गैह्र कर राजस्व

गाउँपालिकाले जनता तथा सेवाग्राहीहरूलाई विभिन्न सेवा प्रदान गरेबापत तोकिएको दरमा सेवा शुल्क संकलन गर्ने सक्ने प्रावधान अनुरुप गाउँसभाले विभिन्न सेवाहरूको शुल्कको दर निर्धारण गरी

सेवा शुल्कहरू संकलन गरिरहेको छ । यसै सन्दर्भमा अगामी आ.व.हरुमा गाउँपालिकालाई प्राप्त हुने राजस्व अनुमान गरिएको छ ।

## क. व्यवसाय रजिष्ट्रेशन दस्तुर

**हालको अवस्था:** हालको कानूनी व्यवस्था अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रमा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा क, ख, ग र घ वर्गमा वर्गीकरण गरी दर्ता तथा नवीकरण शुल्क निर्धारण गरेको छ । क वर्गको लागि रु १५००० दर्ता शुल्क र रु १०००० नवीकरण शुल्क र घ वर्गको लागि रु ५००० दर्ता तथा रु ३००० नवीकरण शुल्क निर्धारण गरेको छ । त्यसैगरी निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग जस्ता व्यवसायिक संघ संस्थाहरूको दर्ता, नवीकरण गरी सोको दस्तुर संकलन गर्नसक्ने छ । स्थानीय तहहरूको गठनसंगै गाउँपालिकालाई यो अधिकार प्राप्त भएको हो । उल्लेखित संघसंस्थाहरू एकपटक गाउँपालिकामा दर्ता भईसकेपछि अन्यत्र पुनः दर्ता हुनु पर्दैन । व्यवसाय तथा संघसंस्थाहरू दर्ता भई सकेपछि वार्षिक रुपमा नवीकरण गर्नुका साथै वार्षिक कर पनि तिर्नुपर्ने हुन्छ । गाउँपालिकाले आर्थिक ऐन अनुसूची ४ मा निर्धारण गरेको दर्ता शुल्कको आधारमो निर्माण व्यवसायी दर्ता शुल्क रु ५००० र नवीकरण शुल्क रु २५००, सहकारी बैंक दर्ता रु १००० र नवीकरण शुल्क रु ५०० निर्धारण गरिएको छ ।

**सम्भावना:** आउने आ.व.मा करिब ३५ वटा संघसंस्थाहरू दर्ता/नवीकरण हुने र सो बापत गाउँपालिकालाई करिब ४२ हजारको हाराहारीमा राजस्व प्राप्त हुने अनुमान गरिएको छ भने त्यसपछिका आ.व.हरूमा न्यून संख्यामा संघसंस्थाहरू दर्ता हुदै जाने तथा अघिल्ला आ.व.हरूमा दर्ता भएकाहरू नवीकरण हुदै जानेछन् । उल्लेखित सम्भावित रजिष्ट्रेशन दस्तुर बापतको आय सम्बन्धित व्यवसायिक संघ संस्था दर्ता गर्दाको आर्थिक वर्षमा दर्ता दस्तुर रकम मात्र संकलन हुने र त्यसपछिका आ.व.मा नवीकरण गर्दा नवीकरण दस्तुर प्राप्त हुने गर्दछ ।

**तलिका ७ : व्यवसाय रजिष्ट्रेशन दस्तुर सम्भवानाको गणना**

| क.सं. | ब्यापार ब्यवसायको विवरण | संख्या | करको दर | नविकरण दस्तुर | संभावित आय |
|---|---|---|---|---|---|
| १ | ५ लाखसम्म पूँजी भएको ब्यवसाय | २० | ५०० | बर्षिक रुपमा ब्यवसाय कर तिरेपछि स्वतः नविकरण हुने | १०००० |
| २ | ५ लाख एकदेखि १० लाखसम्म पूँजी भएको ब्यवसाय | ५ | १५०० | | ७५०० |
| ३ | १० लाख एकदेखिमाथिको पूँजी भएको ब्यवसाय | १० | २५०० | | २५००० |
| **जम्मा** | | **३५** | | | **४२५००** |

**सुधारका पक्षहरू:**

- दर्ता, अनुमति र नवीकरणका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने
- आर्थिक ऐनमा दर्ता, अनुमति र नवीकरण दस्तुरको दर निर्धारण गर्ने
- नयाँ संस्था, फर्म वा उद्योग स्थापना गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने
- अनुमति नलिई संचालनमा रहेका संस्था, फर्म/उद्योगलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

### ख. बहाल बिटौरी शुल्क

**हालको अवस्था:** आर्थिक ऐनको अनुसूची ९ मा व्यवस्था भएबमोजिम गाउँपालिका आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल विटौरी शुल्क संकलन गर्न सक्ने कानूनी प्रावधान अनुसार शुल्क उठाउने व्यवस्था गरेको छ । तर गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका यस किसिमका सार्वजनिक जग्गा, बाटोको छेउछाउका सार्वजनिक स्थलमा रहेका टहरा, पसलहरु भए पनि बिटौरी कर संकलन गर्न भने सकेको छैन ।

**संभावना:** बहाल बिटौरी शुल्कका लागि यस गाउँपालिकाको सडक आसपास रहेका क्षेत्रमा निर्माण गरिएका होटेल, रेष्टुरेन्टहरुसँग वहाल विटौरी असुल गर्न सकिने संभावना छ । प्रयाप्त क्षेत्रगत तथ्यांकको अभावले गर्दा प्रस्तुत अध्ययनमा गाउँपालिकाका लागि आगामी आ.व. २०७८/७९ मा संकलन हुन सक्ने बिटौरी करको रकम मात्र अनुमान गरिएको छ ।

प्रभावकारी रुपमा नीतिगत व्यवस्थाका साथ यो कर लागु गर्न सकेमा गाउँपालिकालाई त्यस किसिमका जग्गा, संरचनाबाट करिब १ लाख ५० हजारसम्म वार्षिक आम्दानी हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- सार्वजनिक, सम्पत्ति र ऐलानी जग्गा तथा त्यस्ता जग्गामा बनेका घर, टहरा तथा अन्य संरचनासम्बन्धी विस्तृत तथ्यांक संकलनलाई अन्तिम रुप दिई बहाल विटौरी शुल्कको दायरामा ल्याउने
- जमिनको उपयोग अनुसार शुल्कको दर निर्धारण गर्ने
- हाट बजारमा हुने पसल तथा व्यापारसम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अंक कायम गर्ने ।
- गाउँपालिकाले हाल उठाइ आएको अव्यबस्थित बसोबास व्यबस्थापन शुल्क संविधान र प्रचलित संघीय कानुन बमोजिम गाउँपालिकाको क्षेत्राधिकारभित्र नपर्ने देखिएकोले विद्यमान आर्थिक ऐनमा परिमार्जन गरी बहाल विटौरी शुल्कको दायरामा ल्याउने ।

### ग. सिफारिस तथा प्रमाणित दस्तुर

**हालको अवस्था:** गाउँपालिकाकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट संकलन गर्दै आएको छ । आर्थिक ऐनको अनुसूची १२ मा विभिन्न ६२ किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर निर्धारण गरेको छ । गाउँपालिकालाई सिफारिश तथा प्रमाणित दस्तुर वापत चालु आ.व.२०७७।७८ को असार मसान्तसम्म रु. ९९ हजार ९ सय १ रुपैया संकलन भएको छ ।

**सम्भावना:** यस अन्तर्गत गाउँपालिकाले प्रदान गर्ने संघसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस लगायतका विभिन्न सिफारिसहरू गरेवापत लिईने दस्तुर पर्दछ, जुन

गाउँपालिकाको प्रमुख आन्तरिक आय मध्येको एक हो । गाउँपालिकाले सिफारिश दस्तुरको दररेट निर्धारण गरी विभिन्न शीर्षकहरूमा रकम समेत संकलन गरिरहेको छ । आगामी आ.व.मा यस किसिमको दस्तुर बापत गाउँपालिकालाई करिब ३ लाख ६० हजारको हाराहारीमा राजस्व संकलन हुने अनुमान गरिएको छ ।

**तलिका ८: सिफारिस दस्तुर**

| दस्तुर | औसत दैनिक | औसत बार्षिक निवेदन (बार्षिक २४० दिन) | औसत दर | सम्भाव्य राजस्व |
|---|---|---|---|---|
| बिभिन्न सिफारिस दस्तुर | १५ | ३६०० | १०० | ३६०००० |
| **जम्मा** | **१५** | | | **३६००००** |

**सुधारका पक्षहरू:**

- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने
- दस्तुर नबुझाएसम्म सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने
- वडावाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने
- सबै वडा कार्यालयहरुमा कम्प्युटर सफ्टवेयरमा आधारित बिलिङ प्रणालीलाई अनिवार्य बनाउने ।

## घ. नक्शा पास दस्तुर

**हालको अवस्था:** गाउँपालिकाको आर्थिक ऐनमा नक्सापास दस्तुरको दर तोकिएको छ तर नक्सापासको प्रचलन व्यापक रुपले अघि बढेको देखिंदैन । छलफलको क्रममा नक्सापास प्रक्रिया शुरु गरिएको र निर्माण भइसकेका घरहरुको समेत नियमन गर्ने तयारी भएको उल्लेख गरिएको छ । यसका लागि नक्सापास निवेदन दस्तुर रु. ५०० तोकिएको छ । यस शीर्षकबाट आ.व. २०७७।७८ मा गाउँपालिकाल ९९ हजार ९०१ रकम असुल गरेको छ ।

**सम्भावना:** नक्सापास गाउँपालिकाको नियमित र एक उल्लेख्य आम्दानीको स्रोत हो । पालिका क्षेत्रमा नक्सापास अनुमति नलिइकन घरहरुको निर्माण भएका र हुने कुराको मध्यनजर गर्दै कडाइका साथ यस कर लागु गर्न सके नक्सा पास दस्तुर र अभिलेखीकरण दस्तुर मार्फत गाउँपालिकालाई राजस्व प्राप्त हुने देखिन्छ । आगामी आ.व.मा हुन सक्ने नयाँ घरहरूको नक्सा पास र पुराना घरहरूको दर्ता (अभिलेखिकरण) को अनुमानित संख्या र प्राप्त तथ्यांक तथा विगतको आय प्रवृत्तिका आधारमा नक्सापास दस्तुर बापत प्राप्त हुने आय निम्नअनुसार कुल ३ लाख ५० हजार आँकलन गरिएको छ ।

**तालिका ९: नक्सा पास दस्तुरको सम्भावनाको गणना**

| क्र.सं. | विवरण | संख्या | औसत दर (प्रति नक्सा प्रति वर्ग फिट) | सम्भाव्य आय (रु.) |
|---|---|---|---|---|
| १ | घर नक्सा पास (औसत १२०० वर्ग फिट) | २५ | ७ | २१०,००० |

| | | | | |
|---|---|---|---|---|
| २ | पुरानो घर अभिलेखिकरण प्रमाण पत्र | ७०० | २०० | १४०,००० |
| जम्मा | | ७२५ | | ३५०,००० |

**सुधारका पक्षहरु:**

- सचेतनामूलक तथा प्रचारात्मक अभियानहरु सञ्चालन गरी नक्सापास हुन बाँकी सबै घरलाई नक्सापासको दायरामा ल्याउने
- आवासीय, व्यवसायिक तथा औद्योगिक प्रयोजनका घरहरुलाई नक्सापास दस्तुरको दरमा विविधता कायम गरी सकेसम्म सानो संरचना निर्माण गर्ने सिमान्त करदातालाई सहुलियत प्रदान गर्ने
- नक्सा पास र घर बहाल कर तथा व्यवसाय करलाई सूचना प्रविधिको उपयोग गरी एक आपसमा आवद्ध गर्ने तथा कर प्रशासन र नक्सापास प्रक्रियालाई सरलीकरण गर्ने ।

## ङ. सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय :

**हालको अवस्था:** गाउँपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरूका बहाल परिचालनसम्बन्धमा खासै तथ्यांकहरू नरहेको तथा यस शीर्षकमा गाउँपालिकाले आम्दानी गरेको देखिदैन ।

**सम्भावना:** यस गाउँपालिकाको स्वामित्वमा रहेका भौतिक सम्पत्तिहरु बहालमा लगाउन सकिने अवस्थामा रहेको देखिदैन तर केही सुधारका पक्षहरुमा गाउँपालिकाले आवश्य कार्य गरी आगामी वर्षहरुका लागि केही आय वृद्धि गर्न सकिने आधारहरु तयार गर्ने सकिने देखिन्छ ।

**सुधारका पक्षहरू:**

- गाउँपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण एकीन गरी सबै सम्पत्तिको बहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने
- गाउँपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने
- कार्यविधिमा उल्लिखित शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।

## च. मनोरञ्जन कर

आर्थिक ऐनको अनुसूची ८ मा मनोरञ्जन करको दर व्यवस्था गरिएको छ । मनोरञ्जन, प्रर्दशनी स्थलमा प्रवेश शुल्कको ३ प्रतिशत, जादु, सर्कस प्रर्दशनको प्रति दिन रु २५० र भिडियो फिल्म बनाउँदा प्रति भिडियो छायाङ्कन रु १००० तय गरेको छ । गाउँपालिका क्षेत्र भित्र संचालित पार्क, वाल उद्यान, झरना तथा अन्य मनोरंजन स्थलहरुका लगत तयार गरी आवश्यक भौतिक पुर्वाधारहरु निर्माण भएमा आय आर्जन गर्न सक्ने सम्भावना रहेको छ । यस किसिमको करको सम्भाव्यता भएता पनि हाललाइं गणना गरिएको छैन ।

## छ. अन्य विविध आय

नगरपालिकाले विभिन्न किसिमका फारमहरू बिक्रीबाट प्राप्त आयलाई बिक्री अन्तर्गत् राखेको छ भने अन्य विविध आयमा दण्ड जरिवाना, पेश्की फिर्ता, तथा अन्य विविध आयहरू रहेका छन् । यस शीर्षक अन्तर्गत नगरपालिकाले करिब ७ लाखसम्म संकलन गर्ने सक्ने अनुमान गरिएको छ ।

## परिच्छेद चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

प्रस्तुत परिच्छेदमा गाउँपालिकाको समग्र राजस्व प्रशासनसंग सम्बन्धित आय संकलनको वर्तमान संस्थागत क्षमता र संकलनको अवस्थाका बारेमा विश्लेषण गरिएको छ ।

### ४.१ राजश्व परिचालनसम्बन्धी नीतिहरु

यस गाउँपालिकाले राजश्व परिचालन तथा व्यवस्थापनका लागि छुट्टै नीति तथा कार्यक्रम तयार गरेको छ । राजश्व परिचालनका लागि यस गाउँपालिकाले निम्न बमोजिमका कार्यहरू अगाडि बढाएको देखिन्छ ।

१. गाउँपालिकाको लेखा प्रणालीलाई चुस्त, दुरुस्त, मितव्ययी तथा पारदर्शी बनाउनका लागि एकीकृत सफ्टवेयरबाट लेखा प्रणाली सञ्चालन गरिने छ ।

२. तोकिए बमोजिमको कर नियमित र सहज एवं प्रभावकारी रुपमा बुझाउने करदातालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ ।

३. पालिका क्षेत्रभित्र रहेका सार्वजानिक जग्गाको एकिन लागत तयार गर्ने कार्य अगाडि बढाइने छ ।

४. गाउँपालिकाको आर्थिक क्षमता बढाउनका लागि गाउँपालिका क्षेत्रमा लागु गर्न सकिने खालका करका दायराहरूको पहिचान गरी करका दरभन्दा दायरा बढाउने नीति अवलम्बन गरिने छ ।

५. नेपालको संविधान र स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकामा दर्ता हुने भनी तोकिएका उद्योग व्यवसायलाई गाउँपालिकामा दर्ता गर्ने व्यवस्था मिलाई त्यसको अभिलेखीकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइने छ ।

### ४.२ आय संकलनको संस्थागत क्षमता (राजश्व शाखा तथा राजश्व प्रशासन)

गाउँपालिकाको संगठन स्वरुप हेर्दा राजस्व असुलीका लागि राजस्व उपशाखा स्थापना गरी गाउँपालिकाले आफ्ना दैनिक प्रशासनिक कामहरु अघि बढाई रहेको देखिन्छ । अन्य शाखाहरुमा जस्तै राजस्व शाखाको कार्य संचालनका निमित्त छुट्टै प्रर्याप्त स्थानको अभाव रहेको देखिन्छ । गाउँपालिकाले राजश्व असुली कार्यमा कम्प्युटरीकृत प्रणाली (कम्प्युटर, प्रिन्टर, विलिङ सफ्टवेयर सहितका) प्रयोग गर्ने गरेको छ । निवेदन दस्तुर, सिफारिस, पञ्जीकरण दस्तुर, मालपोत भूमिकर लगायतका शीर्षकमा असुल हुने राजश्व वडा कार्यालयबाटै संकलन गर्ने ब्यवस्था रहेको छ । दर्ता अनुमति नवीकरण दस्तुर, नक्सापास लगायतका सेवा भने गाउँ कार्यपालिका कार्यालयबाटै हुने गरेको छ ।

#### ४.२.१ राजश्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण

गाउँपालिकाको धेरैजसो आम्दानीका शीर्षकहरुमा वडा कार्यालयहरूबाट राजस्व संकलन गर्ने गरिएको छ । गाउँपालिकामा राजश्व संकलनका लागि छुट्टै इकाई छ । राजस्व शाखाको कामकाज सहजीकरण र सेवा प्रवाहका लागि ४जना कर्मचारीहरु रहेका छन् । राजस्व असुलीका लागि प्रयाप्त मात्रामा भौतिक संरचना, एकीकृत कम्प्यूटर प्रणाली र आवश्यक कर्मचारीहरु उपलब्ध हुन सकेको छैन ।

### ४.२.२ राजश्व परामर्श समिति

मेलुङगाउँ कार्यपालिकामा उपाध्यक्षको संयोजकत्वमा ४ सदस्यि राजश्व परामर्श समित गठन गरिएको छ । समितिका सदस्यहरुमा कार्यपालिका सदस्य, राजस्व शाखाको प्रमुख, प्रतिनिधीहरु समाबेश गरिएको छ र आवश्यकता अनुसार बैठकहरु बसी निर्णय गर्ने गरिएको छ ।

**तालिका १०: राजश्व परामर्श समिति विवरण**

| क.सं. | नाम | पद | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| १ | श्री कल्पना भण्डारी | उपाध्यक्ष | संयोजक |
| २ | श्री रेखा तिरुवा | कार्यपालिका सदस्य | सदस्य |
| ३ | श्री कुमारी लामाङ | कार्यपालिका सदस्य | सदस्य |
| ४ | श्री सन्तोष पौडेल | अधिकृत तह छौटौ | सदस्य सचिव |

### ४.२.३ आन्तरिक आय परिचालन

गाउँपालिकाको विगत ३ वर्षको अन्तरिक आयको अवस्था हेर्दा गाउँपालिकामा सिमित शीर्षकहरुबाट मात्र आय संकलन भैरहेको देखिन्छ । कुल आन्तरिक आयमा सबैभन्दा वढी घरजग्गा रजिष्टेशन मापत ४२.५६, टेन्डर बापत २३.७९, मालपोतको १५.४५, प्रतिशत योगदान देखिन्छ । गाउँपालिकाको अर्को आयको स्रोत भनेको निर्माण व्यवसायी इजाजतपत्र बाट २.१३ प्रतिशत, शिफारिस दस्तुरबाट ७.४६ र घर बहाल करबाट ७.१३ प्रतिशत आय संकलन भएको देखिन्छ । त्यसै गरी सेवा शुल्क बापत गाउँपालिकालाई १.३६ प्रतिशत र निकासी करबाट ०.१३ प्रतिशत मात्रै सेवा शुल्क संकलन भएको देखिन्छ ।

**तालिका ११ : गाउँपालिकाको आन्तरिक आयको अवस्था**

| आ.व | ०७७/०७८ को असार १ सम्मको वास्तविक | ०७६/०७७ वास्तविक | ०७५/०७६ वास्तविक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| मालपोत दस्तुर | २०५९६० | १७८७८५ | २३०४९२ | ६१५२३७ | १५.४५ |
| शिफारिस दस्तुर | ९९९०१ | ८६०७५ | ११०९६५ | २९६९४१ | ७.४६ |
| घर बहाल कर | ९५०४५ | ८२३८५ | १०६२१० | २८३६४० | ७.१३ |
| सेवाशुल्क | १८२०० | १५७४० | २०२९० | ५४२३० | १.३६ |
| निकासी कर | १३६० | २२१० | १५०५ | ५०७५ | ०.१३ |
| घर जग्गा रजिष्टेशन दस्तुर | ५६८१५६ | ४९१८४० | ६३४०९१.२ | १६९४०८७.२ | ४२.५६ |
| घ वर्गको निर्माण व्यवसायीइजाजतपत्र | २८४०० | २४५९० | ३१७०४.५६ | ८४६९४.५६ | २.१३ |
| टेन्डर आह्वान दस्तुर | ४००००० | ३४६९९० | २००००० | ९४६९९० | २३.७९ |
| जम्मा | १,४१७,०२२.०० | १,२२८,६१५.०० | १,३३५,२५७.७६ | ३,९८०,८९४.७६ | १०० |

### ४.२.४ राजस्व प्रशासनमा सुधार गर्नुपर्ने पक्षहरू

मेलुङगाउँपालिकाले राजश्व प्रशासनसंगसम्बन्धित देहाय बमोजिमको सवालहरुमा प्रयाप्त सुधार गर्नुपर्ने देखिन्छ ।

१. गाउँपालिकाको संगठन संरचनामा राजश्व शाखा गठन भइसकेको छ । अनलाईन मार्फत राजश्वसम्बन्धी संकलन र अभिलेख राख्ने कार्य भई रहेको छ । प्रर्याप्त स्थान सहितको कोठाको व्यवस्थापन गरी आवश्यक दक्ष कर्मचारी र भौतिक सुविधा सहित कार्यकक्षको व्यवस्था गरी सुदृढ गर्नुपर्ने देखिन्छ ।

२. गाउँपालिका क्षेत्रभित्र रहेका धार्मिक तथा ऐतिहासिक पूर्वाधारहरुको अभिलेखांकन, संरक्षण, प्रर्वदन र विकास गरी पर्यटकीय गन्तब्यको रुपमा विकसित गर्दै कर एवम् राजश्वको श्रोतमा रुपान्तरण गराउन आवश्यक रहेको देखिन्छ । गाउँपालिकाअन्तर्गतका ऐलानी पर्ती जग्गाहरूको पहिचान गरी गाउँपालिकाको अधिनमा रहने प्रवन्ध मिलाइ ती जग्गाहरूलाई विभिन्न ढङ्गले उपयोग गरी आयआर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने ।

३. पालिका क्षेत्रमा रहेका धार्मीक तथा ऐतिहासिक स्थल, पार्क तथा पिकनिक स्थलहरुलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नकालागि पर्यटन बोर्डसंग समन्वय गरी पर्यटकीय गुरुयोजना तयार पार्ने र यस कार्यलाई करको दायरामा ल्याउने ।

४. बजार व्यवसायीहरूसंग सहकार्य गरी व्यवसाय दर्ता गर्ने प्रकृया थालनी गर्ने र अन्य सरोकारवालसंग छलफल एवं सहकार्य गरी व्यवसाय कर सम्बन्धी आवश्यक कार्यविधि निर्माण गरी लागु गर्नुपर्ने देखिन्छ ।

५. सबै वडाहरूमा करदाता शिक्षा कार्यक्रम प्रभावकारी ढंगले संचालन गरी कर चुहावटलाई न्यूनीकरण गर्नुपर्ने देखिन्छ ।

६. करको सम्भावना भएका शीर्षकमा करको दर निर्धारण नभएको र भविष्यमा असुल हुन सक्ने क्षेत्रमा दर निर्धारण भएको देखिएकोले करको दायरा तथा दरमा समय सापेक्ष हेरफेर गर्नुपर्ने देखिन्छ ।

७. राजश्व तथा कर दस्तुर असुल गर्नका लागि वडाहरूमा घुम्ती सेवा चौमासिक/वार्षिक रुपमा संचालन गर्नुपर्ने ।

८. राजश्व शाखाको प्रशासनिक क्षामता वृद्धि गरि प्रभावकारी ढंगले क्रियाशिल गराउन श्रोत अनुमान समिति र राजश्व परामर्श समितिको भुमिका अझ बढी र प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।

## ४.३ राजश्व परिचालनमा रहेका प्रशासन तथा नीति सम्बन्धी सवालहरु

उपरोक्त व्यवस्थालाई मध्यनजर गर्दा मेलुङ गाउँपालिकाको हालको राजश्व परिचालनकासम्बन्धमा निम्न सवालहरू विद्यमान रहेको देखिन्छः

१. राजश्व प्रशासनसम्बन्धी सबै आवश्यक ऐन, नियम तथा कार्यविधिहरू तयार नहुनु
२. राजश्व प्रशासनका लागि सिप एवं क्षमताले प्रयुक्त कर्मचारी कमी हुनु
३. राजश्वसम्बन्धी अभिलेख समेटिएको वस्तुगत विवरण नहुनु
४. नयाँ स्रोतहरूको पहिचान र विद्यमान स्रोतहरूको दायरा विस्तारमा विशेष पहल नगर्नु
५. राजस्व असुलीमा राजनैतिक प्रतिवद्धता नदेखिनु ।

## ४.४ प्रभावकारी राजश्व परिचालनका प्रमुख पक्षहरु

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिकालाई उपलब्ध गराएको वित्तीय अधिकार अनुकुल राजश्व परिचालनमा सुधार ल्याउनको लागि करको दरमा हेरफेर गर तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्ने देखिन्छ । मेलुङ गाउँपालिकाले राजश्व परिचालनका लागि तत्काल सम्बोधन गर्नुपर्ने संस्थागत सवालहरू देहाय बमोजिम रहेका छन् ।

### ४.४.१ कानूनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान तथा संघीय कानुनले प्रदान गरेका राजश्व अधिकारसम्बन्धी प्रावधानहरूको व्यवस्थित कार्यान्वयन र राजश्व परिचालनका लागि करको दायरा तथा दरमा परिमार्जन गरी विनियोजन ऐन, आर्थिक ऐन, नियमावली तथा विभिन्न कार्यविधिहरू समयमै अद्यावधिक गरी गाउँसभाबाट पारित गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### ४.४.२ उपयुक्त संगठन निर्माण

उपयूक्त मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युटरिकृत राजश्व अभिलेख तथा सूचना प्रणाली सहित राजश्व परिचालनका लागि सुदृढ तथा छुट्टै राजश्व शाखाको व्यवस्थागर्नुपर्ने देखिन्छ । साथै वडा कार्यालयलाई केही शीर्षकहरूमा राजश्व असुलीको जिम्मेवारी दिइएकोले वडाका कर्मचारीहरूलाई आवश्यक तालिम दिई दक्ष बनाउनु पर्ने देखिन्छ ।

### ४.४.३ तथ्याङ्कमा आधारित अभिलेखतथा स्रोतहरुको प्राथमिकीकरण

गाउँपालिकाले तयार पारेको करको दायरा र दर रेटले सबै क्षेत्रलाई समेट्न नसकेकोले गाउँपालिकाले संकलन गर्न सक्ने विभिन्न कर तथा गैह्र करका दायरा तथा दरहरूको विवरण आवधिक गर्नुपर्ने देखिन्छ । आगामी दिनहरूमा नयाँ स्रोतहरूको पहिचान तथा विद्यमान स्रोतहरूको दायरा विस्तार गर्दै राजश्व परिचालन चुस्त दुरुस्त पार्नु पर्दछ ।

### ४.४.४ विभिन्न आयमूलक कार्यक्रम

आफ्नो आन्तरिक आय वृद्धिका लागि विभिन्न संघ संस्थाहरूसंग समन्वय गरी विभिन्न किसिमका युवा अभिमुखीकरण, सीपमुलक तथा आयमुलक कार्यक्रमहरू संचालन गरी गाउँपालिकामा ठुलो संख्यामा रहेका महिला तथा युवा जनसंख्यालाई उद्यमी वा अन्तर उद्यमीको रुपमा रुपान्तरण गरी पालिकाबासीहरुको कर तिर्न सक्ने क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ । यसका लागि विद्यमान सम्पत्तिको परिचालन गरी व्यवसायीक सेवामुलक तथा आयमूलक कार्यक्रमहरू पनि सञ्चालन गर्न नीजि क्षेत्रसंग समन्वय गर्न आवश्यक देखिन्छ । घरेलु तथा साना उद्योग विकास समितिसंग समन्वय गरी लघु साना एवम मझौला उद्यमीहरूको सृजना गर्नुपर्ने देखिन्छ । गाउँपालिका क्षेत्रमा संचालित व्यापार, पर्यटन, कृषि र व्यवावसाय लगायतका थप आयमुलक कार्यक्रमहरु संचालनमा गर्नुपर्ने देखिन्छ ।

### ४.४.५ पारदर्शिता र जवाफदेहिता

प्रभावकारी राजश्व प्रशासनका लागि गाउँपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय, पारदर्शी र नागरिकप्रति जवाफदेही हुन आवश्यक छ । जुन शीर्षकबाट आय आर्जन भएको हो सोही

शीर्षकमा नै बढी खर्च गर्दा गाउँपालिकावासीहरूमा राम्रो सन्देश जान सक्दछ । सकंलित राजश्व तथा खर्चको सार्वजनिक गर्नु पारदर्शिता अभिवृद्धिका लागि राम्रो प्रयास हुन सक्दछ ।

### ४.४.६ परिवर्तित व्यवस्था अनुसार राजश्व संकलन

परिवर्तित व्यवस्था अनुसार राजश्व संकलनको लागि कानूनी व्यवस्था गर्नु, त्यस बमोजिमको दररेट निर्धारण गर्नु, संकलनको लागि संस्थागत संयन्त्रको स्थापना गर्नु, बाँडफाँड हुने राजश्व शीर्षकहरूमा समन्वयात्मक तरिकाले राजश्व संकलन गर्नु, तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्यको रुपमा रहेको छ ।

# परिच्छेद पाँच : राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको मेलुङ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ। गाउँपालिकाको राजश्वसम्बन्धी अधिकार, करको दायरा, दररेट संम्बन्धी सरोकारवालाहरूसंगको छलफलमा राजश्व सुधारका क्षेत्रहरूको पहिचान गरी निश्चित समयावधिमा गरिने जिम्मेवारी सहितको सुधारका क्रियाकलापहरू देहाय बमोजिम रहेको छ।

**तालिका १२ः राजश्व सुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| **क. कर तथा गैह्र कर राजस्व** | | | |
| **सम्पत्ति कर** | ▪ सम्पत्ति कर कार्यन्वयव सम्बन्धि अभिमुखीकरण कार्यक्रम गर्ने<br>▪ सम्पत्ति कर कार्यान्वयनका लागि कार्य विधि तयार गरी गाउँ सभा वा कार्यपालिकाबाट पारित गर्ने | २०७८ असार मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत<br>राजस्व परामर्श समिति<br>गाउँ सभा, वडा कार्यालय |
| | ▪ राजस्व शाखा अन्तर्गत रहने गरी सम्पत्ति कर इकाईको स्थापना तथा भौतिक सुविधा को व्यवस्था गर्ने | २०७८ साउनको पहिलो हप्तासम्म | प्रमुख प्रशासकीय अधिकृत<br>राजस्व शाखा |
| | ▪ असुल उपर गर्नको लागि सफ्टवेयर र विलिंग प्रणाली शुरु गर्ने | | राजस्व शाखा, वडा कार्यलय |
| | ▪ मालपोत (बक्यौता समेत) असुल गर्ने | २०७८ श्रावण १ देखि | |
| | ▪ गाउँपालिका भित्र रहेका वडाहरूमा माइकिङ, सभा,गोष्ठीहरू संचालन गरि जनचेतना जगाउने | २०७८ असार मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत, वडा कार्यालय |
| | ▪ सम्पत्ति कर लागु भएपछि सो कर प्राप्त भए नभएकोसम्बन्धमा अधिकार प्राप्त अधिकारी तथा अनुगमन टोली बनाई वडा वडामा अनुगमन गर्ने | निरन्तर | गाउँकार्यपालिका, राजस्व परामर्श समिति |
| | ▪ सम्पत्ति कर लागू भएका नपा, गापाहरूको हरूको अवलोकन भ्रमण गर्ने | २०७८ फाल्गुण मसान्त सम्म | गाउँकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा |
| | ▪ गाउँपालिका भित्र रहेका व्यवसायीहरूको तथ्यांक अध्यावधिक गर्ने | २०७८ आषाढ मसान्त सम्म | राजस्व शाखा<br>वडा कार्यालयहरू |
| | ▪ व्यवसायीहरूलाई कर सम्वन्धी सवै वडाहरुमा १ दिने सचेतना | | राजस्व परामर्श समिति, वडा |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| **व्यवसाय कर** | अभिमुखीकरण आयोजना गर्ने<br>▪ दर्ता नभएका ब्यवसायीलाई गाउँपालिकामा दर्ताको लागि सार्वजनिक सञ्चार माध्यम मार्फत सूचना जारी गर्ने | २०७८ आषाढ मसान्त सम्म | कार्यालय |
| | ▪ निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने | निरन्तर, गाउँसभा | गाउँसभा, प्रमुख प्रशासकीय अधिकृत |
| **सवारी कर** | ▪ गाउँपालिका क्षेत्रमा रहेका साना सवारी (ठेला लगायत) को लगत संकलन गर्ने<br>▪ दर्ता नवीकरणको प्रकृया अगाडी बढाई कर संकलन गर्ने<br>▪ अन्य सवारी करको विषयमा प्रदेश कानुन र प्रदेश सरकारसंग समन्वय अनुसार गर्ने | २०७८श्रावण १ देखि | प्रशासन शाखा, वडा कार्यालय |
| **घर वहाल कर** | ▪ गाउँपालिका  भित्र रहेका वहालमा दिने घरधनीहरूको विवरण वडा कार्यालय मार्फत अध्यावधिक गर्ने<br>▪ घर वहालकर तिर्नका लागि घरधनीलाई प्रोत्साहित  गर्ने | आ.व.०७७/७८  भित्र निरन्तर | प्रशासन शाखा, वडा कार्यालय |
| **जडीबुटी, कवाडी, जिवजन्तु कर** | ▪ जडीबुटी निकासी वा पैठारी गर्ने, कवाडी कारोवार गर्ने, जिवजन्तु निकासी वा पैठारी गर्नेहरू संग राजस्व परामर्श समितिमा छलफल गरि उचित दर निर्धारण गरि कर संकलन गर्ने | | २०७८ असार मसान्तसम्म |
| **वहाल विटौरी शुल्क** | ▪ वहाल विटौरी लगाउन सकिने क्षेत्रहरूको निर्धारण गर्ने सार्वजनिक जग्गा, ऐलानी जग्गामा रहेका घरहरूकोसम्बन्धमा घरवालाहरूसंग छलफल गरी करको शुल्क तोक्ने<br>▪ सार्वजनिक जग्गाहरू वार्षिक ठेक्का लगाई शुल्क असुली गर्ने | २०७८असार मसान्तसम्म | राजस्व  परामर्श समिति गाउँकार्यपालिका |
| **व्यवसाय रजिष्ट्रेसन दस्तुर** | ▪ रजिष्ट्रेसन गर्नुपर्ने संघसंस्थाहरूको विवरण संकलन तथा अध्यावधिक गर्ने<br>▪ वडास्तरीय कर शिविरहरू संचालन गर्ने। | २०७८ असार मसान्तसम्म | गाउँकार्यपालिका र प्रशासन शाखा |
| **अचल सम्पत्ति मूल्यांकन शुल्क** | ▪ सम्पत्ति कर र अचल सम्पत्ति मूल्यांकन अभिलेखलाई एकत्रित गर्ने | २०७८असार | राजस्व  परामर्श समिति |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी |
| --- | --- | --- | --- |
| | ▪ मूल्यांकन शुल्क दर आवश्यक मात्रामा पुनरावलोकन गर्ने<br>▪ वैदेशीक र वैंकिंङ प्रयोजनको रुपमा वर्गीकरण गर्ने | मसान्तसम्म | राजस्व शाखा |
| **पर्यटन सेवा शुल्क** | ▪ ऐतिहासिक, पर्यटकिय तथा अन्य धार्मिक स्थलहरू र ति क्षेत्रहरूको प्रचार प्रसार, विकास तथा सेवाहरूको व्यवस्थापन गरी पर्यटन शुल्क लगाउने | निरन्तर | राजस्व शाखा<br>प्रशासन शाखा<br>गाउँकार्यपालिका |
| **पुर्वाधार उपयोग शुल्क** | ▪ गाउँपालिकाले निर्माण गरेका संरचना वा हस्तान्तरण भई आएको बाटो, धर्मशाला, सभागृहहरू लगायतमा शुल्क निर्धारण गरि उपयोग शुल्क लगाउने | २०७८ आषाढ मसान्त सम्म | गाउँकार्यपालिका, राजस्व परामर्श समिति |
| **नक्सा पास दस्तुर** | ▪ घर,टहरा ,कम्पाउण्ड नक्सापास दस्तुर कडाईका साथ अनिवार्य गर्नुपर्ने | निरन्तर | वडा कार्यालय<br>नक्सापास शाखा<br>गाउँकार्यपालिका |
| | ▪ नियमित अनुगमन र दण्ड जरिवाना लगाउने | हरेक तीन/तीन महिनामा | नक्सापास शाखा, राजस्व शाखा |
| | ▪ अभिलेखिकरण प्रकृयालाई आगामी आ.व.सम्म कायम राख्ने | २०७८/०७९ सम्म | नक्सा शाखा |
| **अन्य** | ▪ विभिन्न सेवा शुल्कहरूका दर निर्धारण गरि सेवा शुल्क लिने | २०७८ असार मसान्तसम्म | गाउँसभा, राजस्व परामर्श समिति |
| **ख. नयाँ क्षेत्र पहिचान तथा परिचालन** | | | |
| **सार्वजनिक सम्पत्तिको अभिलेखिकरण तथा परिचालन** | ▪ गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरूहरू, सार्वजनिक स्थलहरू, रुखबिरुवा अभिलेखिकरण गर्ने, संरक्षण तथा सम्बर्द्धन गर्ने, सोको परिचालन संभाव्यता अध्ययन गर्ने | २०७६ असोज मसान्तसम्म | प्रमुख प्रशासकिय अधिकृत<br>गाउँकार्यपालिका, गाउँ सभा<br>सम्बन्धित वडा कार्यालयहरू |
| **सम्भाव्य सुविधाको निर्माण, संचालन तथा व्यवस्थापन** | ▪ गाउँपालिकाको दिर्घकालिन आय स्रोतहुने गरी सम्भाव्यता अध्ययन गर्ने<br>▪ कृषी तथा तरकारी बजार केन्द्र (हाट बजार)<br>▪ सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थित गर्ने | आ.व. ०७८/०७९ देखि ०८०/०८१ मसान्तसम्म | गाउँकार्यपालिका,<br>सम्बन्धित वडा कार्यालय<br>निजी क्षेत्र |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| | ▪ संघसंस्था तथा निजी क्षेत्रका स्कुलहरू आदिसंग छलफल गरी तिनीहरूलााई करको दायरामा ल्याउनें<br>▪ मेलापर्वहरूमा मनोरञ्जन गराउने व्यवसायीहरूलाई करको दायरामा ल्याउने<br>▪ धर्मशाला, सभाहल निर्माण गरि आय आर्जन गर्ने<br>▪ गाउँपालिकाको मुख्य बजार क्षेत्रमा वाइफाइ जोनको विकास गरी आय आर्जन वृद्धि गर्ने<br>▪ पार्किङ्ग स्थलहरुको निर्माण तथा व्यवस्थापन | | |
| **महत्वपुर्ण धार्मिक तथा पर्यटकिय स्थलहको विकास, संरक्षण तथा प्रवर्द्धर्धन** | ▪ गाउँपालिका भित्र रहेका धार्मिक तथा पर्यटकिय स्थलहरूको विकास, संरक्षण तथा प्रवर्द्धर्धनकका लागि गुरुयोजना बनाउने अध्ययन गर्ने | २०७८ चैत्र मसान्तसम्म | गाउँपालिका कार्यपालिका, सम्बन्धित वडा कार्यालय निजी क्षेत्र |
| **ग. राजस्व प्रशासन** | | | |
| **नीतिगत व्यवस्था** | ▪ राजस्व सुधार कार्ययोजना लगायत राजस्व ऐन तथा अन्य आवश्यक कार्यविधि तयार गरि गाउँसभाबाट पास गर्ने<br>▪ राजस्व परामर्श समितिले पारित गरेका कर नीति लागु गर्ने । | २०७८ आषाढ मसान्त भित्र | - प्रमुख प्रशासकिय अधिकृत<br>- गाउँसभा |
| **सांगाठनिक व्यवस्था** | ▪ गाउँपालिकाको संगठनात्मक व्यवस्था अर्न्तगत राजस्व शाखामा आवश्यक कर्मचारीहरू व्यवस्था गर्ने<br>▪ राजस्व प्रशाासनका लागि आवश्यक भौतिक सुविधाहरू (कार्य स्थल, फर्निचर, ल्यापटप, प्रिन्टर, कम्प्युटर सफ्फट्वेयर, आदि) | २०७८ आषाढ मसान्त भित्र | राजस्व परामर्श समिति प्रशासन शाखा |
| **राजस्व संकलन तथा अभिलेख** | ▪ राजस्व अभिलेख सम्वन्धी सफ्टवेयर अध्यावधिक गर्ने, करदाताको विवरण सोही सफ्टवेयरमा इन्ट्री गर्ने<br>▪ राजस्व प्रशासनमा सफ्टवेयर तथा कम्प्युटरकृत प्रणालीमार्फत सेवा दिने व्यवस्था मिलाउने | २०७८असार १५ भित्र | केन्द्र सरकार र कार्यपालिका |
| **सूचना तथा पारदर्शिता** | ▪ सञ्चार माध्यमहरू (स्थानिय एफ एम रेडियो, टेलिभिजन) बाट कर तिर्ने प्रोत्साहित गर्नेसम्वन्धी सूचना सम्प्रेषण गर्ने ।<br>गाउँपालिका र वडामा करको दररेट सहित नागरिक बडापत्र राख्ने | २०७८ आषाढ मसान्त भित्र<br>निरन्तर | प्रमुख प्रशासकिय अधिकृत, वडा सचिवहरू |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्वेवारी |
|---|---|---|---|
| **अनुगमन** | ▪ अनुगमन गरि छुटेका करदातालाई करको दायरामा ल्याउने | प्रत्येक तीन महिनामा | कार्यपालिका |
| **पारदर्शिता** | ▪ मासिक रुपमा आय व्यायको सार्वजनिककरण गर्ने<br>▪ करदाताहरू सम्मिलित सार्वजनिक अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने | नियमित | प्रमुख प्रशासकिय अधिकृत |
| **करदाता तथा कर्मचारी प्रोत्सहान कार्यक्रम** | ▪ करदातालाई सम्मान (बढि कर तिर्ने र नियमित तिर्नेलाई)<br>▪ कर्मचारीलाई राजस्व असुलीको आधारमा कार्य सम्पादन मूल्याङ्गन गरी प्रोत्साहन गर्ने | वार्षिक रुपमा ( गाउँसभा गर्ने दिनमा) | प्रमुख प्रशासकिय अधिकृत<br>कार्यपालिका |
| **समिक्षा र मूल्यांकन** | ▪ वार्षिक रुपमा समिक्षा तथा पुनरावलोकन गर्ने । | चौमासिक रुपमा ( आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक) | प्रमुख प्रशासकिय अधिकृत<br>कार्यपालिका |

## परिच्छेद छ : आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगामी तीन आर्थिक वर्षहरूका लागि गाउँपालिकाको राजस्व प्रक्षेपण गरिएको छ। महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ। गाउँपालिकाको राजस्व अधिकार, हालको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय सङ्कलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। यस प्रक्षेपणले गाउँपालिकाको आय वजेट तर्जुमा गर्न सहयोग पुग्ने छ।

### ६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण

माथि उल्लेखित राजश्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भई गाउँपालिकाले संकलन गर्ने आगामी तीन आर्थिक वर्षहरू (आ.व.२०७८।०७९ देखि २०८०।०८१सम्म) को आयको सम्भाव्यतालाई प्रक्षेपण गरिएको छ। यो आय अनुमान गर्दा राजश्व सुधार कार्ययोजनामा योजना गरिएका कृयाकलापहरूको आधारमा तयार गरिएको हो। प्रक्षेपणका लागि विगत आर्थिक वर्षको आयको प्रबृत्ति, राजस्व बृद्धि दर र राजस्व सुधार कार्य योजनाको कार्यान्वयले दायरा बढ्न गई सोबाट हुने योगदानको अनुमानलाई आधार लिईएको छ। गाउँपालिकाले यस प्रक्षेपणलाई भविष्यमा वार्षिक बजेट अनुमानको लागि मार्गदर्शनकोरूपमा लिई आन्तरिक आय बृद्धि गर्दछ भन्ने अनुमान गरिएको छ। राजस्व सुधार कार्य योजनाको आधारमा रहेर गरिएको आन्तरिक आयको प्रक्षेपणका मुलभूत मान्यताहरू यस प्रकार रहेका छन।

### सामान्य मान्यताहरु

- गाउँपालिकामा नयाँ क्षेत्र गाभिएसँगै आय संकलनको आधार (करको दायरा) स्वतः विस्तार भएको
- राजश्व सुधार कार्ययोजना कार्यान्वयन भए पश्चात्त गाउँपालिकाको राजश्व प्रशासनमा सुधार आउने
- राजश्व प्रशासनमा सुधार आउनुले राजश्व संकलन प्रभावकारी हुने।

उल्लेखित प्रक्षेपणका आधारमा रही आगामी तीन आर्थिक वर्षहरूका लागि प्रक्षेपित आय निम्नानुसार प्रस्तुत गरिएको छ।

**तालिका १३ आगामी तीन आर्थिक वर्षको लागि आय प्रक्षेपण**

| राजश्व संकेत | राजश्व शिर्षक | प्रक्षेपित आय (आ.व.) | | |
|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| १०००० | **राजश्व तथा अनुदान** | ४८९,७९६,००३ | ५३९,४७७,५५३ | ५९४,३७६,७६६ |
| ११००० | **कर** | ४,३६९,७५० | ५,५०८,६७५ | ७,०११,००० |
| ११३०० | **सम्पत्ति कर** | ४,०५२,२५० | ५,१६७,९२५ | ६,६४३,८२५ |
| ११३१० | **अचल सम्पत्तिमा लाग्ने कर** | ४,०५२,२५० | ५,१६७,९२५ | ६,६४३,८२५ |
| ११३११ | व्यक्तिगत सम्पत्तिमा लाग्ने वार्षिक कर | | | |
| ११३१२ | संस्थागत सम्पत्तिमा लाग्ने वार्षिक कर | | | |
| ११३१३ | सम्पत्ति कर | ३,३६६,२५० | ४,३७६,१२५ | ५,७२२,६२५ |

| राजश्व संकेत | राजश्व शिर्षक | प्रक्षेपित आय (आ.व.) | | |
|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| ११३१४ | भूमी कर (मालपोत) | ३५०,००० | ३८५,००० | ४२३,५०० |
| **११३२०** | **खुद सम्पत्तिमा लाग्ने चालु कर** | | | |
| ११३२१ | घर बहाल कर | १८६,००० | २४१,८०० | ३१६,२०० |
| ११३२२ | बहाल बिटौरी शुल्क | १५०,००० | १६५,००० | १८१,५०० |
| **११३५०** | **वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर** | | | |
| ११३५१ | वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर | | | |
| **११४००** | **वस्तु तथा सेवामा आधारित कर** | | | |
| **११४१०** | **मुल्य अभिवृद्धि कर** | | | |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | | |
| **११४२०** | **अन्तःशुल्क** | | | |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | |
| **११४४०** | **विशेष सेवामा लाग्ने कर** | | | |
| ११४४२ | स्वास्थ्य सेवा कर | | | |
| ११४४३ | शिक्षा सेवा शुल्क : शैक्षिक संस्था | | | |
| ११४४४ | शिक्षा सेवा शुल्क : वैदेशिक अध्ययन | | | |
| **११४५०** | **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | | | |
| ११४५१ | सवारी साधनमा कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर) | | | |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | |
| **११४७०** | **मनोरंजन कर** | **१०००००** | **११००००** | **१२१०००** |
| ११४७१ | सिनेमा डकुमेन्ट्री | | | |
| ११४७२ | विज्ञापन कर | ० | ० | ० |
| ११४७३ | अन्य मनोरंजन कर | १००००० | ११०००० | १२१००० |
| **११६००** | **अन्य कर** | **२१७,५००** | **२३०,७५०** | **२४६,१७५** |
| **११६१०** | **ब्यवसायले भुक्तानी गर्ने** | ७५,००० | ८२,५०० | ९०,७५० |
| ११६१३ | ब्यवसाय रजिष्ट्रेशन दस्तुर | ४२५०० | ३८२५० | ३४४२५ |
| ११६१४ | रेडियो, एफ.एम. संचालन दस्तुर | | | |
| **११६२०** | **ब्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने** | | | |
| ११६२१ | चालक अनुमति पत्र, सवारी दर्ता किताबसम्बन्धी दस्तुर | | | |
| **११६३०** | **कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर** | | | |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको ब्यवसायिक कारोवारमा लाग्ने कर | | | |
| ११६३२ | ओखेटोपहारमा लाग्ने कर | | | |
| **११६९०** | **अन्य कर** | **५००००** | **५५०००** | ६०५०० |
| ११६९१ | अन्य कर (कवाडी कर) | ५०००० | ५५००० | ६०५०० |
| **१३०००** | **अनुदान** | **४११,२०३,०००** | **४५२,३२३,३००** | **४९७,५५५,६३०** |
| **१३१००** | **द्विपक्षीय वैदेशिक अनुदान** | | | |
| **१३११०** | **द्विपक्षीय वैदेशिक चालू अनुदान** | | | |
| १३१११ | द्विपक्षीय वैदेशिक चालू अनुदान | | | |
| **१३१२०** | **द्विपक्षीय वैदेशिक पुँजीगत अनुदान** | | | |

| राजश्व संकेत | राजश्व शिर्षक | प्रक्षेपित आय (आ.व.) | | |
|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| १३१२१ | द्विपक्षीय वैदेशिक पुंजीगत अनुदान | | | |
| **१३२००** | **बहुपक्षीय वैदेशिक अनुदान** | | | |
| **१३२१०** | **बहुपक्षीय वैदेशिक चालु अनुदान** | | | |
| १३२११ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | |
| १३२१२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | |
| **१३२२०** | **बहुपक्षीय वैदेशिक पूँजीगत अनुदान** | | | |
| १३२२१ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | |
| १३२२२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | |
| **१३३००** | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | ४११,२०३,००० | ४५२,३२३,३०० | ४९७,५५५,६३० |
| **१३३१०** | **अन्तरसरकारी अनुदान** | ४११,२०३,००० | ४५२,३२३,३०० | ४९७,५५५,६३० |
| १३३११ | समानिकरण अनुदान | १३८,४८६,००० | १५२,३३४,६०० | १६७,५६८,०६० |
| १३३१२ | शसर्त अनुदान | २३१,४२०,००० | २५४,५६२,००० | २८०,०१८,२०० |
| १३३१३ | विषेश अनुदान | ११,३००,००० | १२,४३०,००० | १३,६७३,००० |
| १३३१४ | समपुरक अनुदान | २९,९९७,००० | ३२,९९६,७०० | ३६,२९६,३७० |
| १३३१५ | अन्य अनुदान | ० | ० | ० |
| **१३३२०** | **अन्तरसरकारी पूँजीगत अनुदान** | | | |
| १३३२१ | शसर्त पूँजीगत अनुदान | | | |
| १३३२२ | विशेष पूँजीगत अनुदान | | | |
| **१४०००** | **अन्य राजश्व** | **७४,२२३,२५३** | **८१,६४५,५७८** | **८९,८१०,१३६** |
| **१४१००** | **सम्पत्तिबाट प्राप्त आय** | | | |
| **१४११०** | **ब्याज** | | | |
| **१४१२०** | **लाभांश** | | | |
| **१४१५०** | **भाडा तथा रोयल्टी** | ० | ० | ० |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | | |
| १४१५२ | क्यासिनोबाट प्राप्त रोयल्टी | | | |
| १४१५९ | अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | | | |
| **१४१७०** | **राजश्व बाँडफाँडबाट प्राप्त आय** | ७२,६००,००० | ७९,८६०,००० | ८७,८४६,००० |
| १४१७१ | वन रोयल्टी | | | |
| १४१७२ | खानी रोयल्टी | | | |
| १४१७३ | जलस्रोत रोयल्टी | | | |
| १४१७४ | पर्वतारोहण रोयल्टी | | | |
| १४१७५ | पदयात्रा रोयल्टी | | | |
| १४१७६ | पर्यटन सेवा शुल्क रोयल्टी | | | |
| १४१७७ | घरजग्गा रजिष्ट्रेशन रोयल्टी | ६००,००० | ६६०००० | ७२६००० |
| १४१७८ | सवारी साधन कर | १२०००००० | १३२००००० | १४५२०००० |
| १४१७९ | अन्य बाँडफाँड हुने राजश्व | ६०,०००,००० | ६६,०००,००० | ७२,६००,००० |
| **१४२००** | **बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | **१०७,२५१** | **११७,९७६** | **१२९,७७४** |
| **१४२१०** | **बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | **१०७२५१** | **११७९७६.१** | **१२९७७३.७१** |

| राजश्व संकेत | राजश्व शिर्षक | प्रक्षेपित आय (आ.व.) | | |
|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| १४२११ | कृषी उत्पादनको बिक्रिबाट प्राप्त रकम | | | |
| १४२१२ | सरकारी सम्पत्ती बिक्रिबाट प्राप्त रकम | | | |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | | ० | ० |
| १४२१६ | निजी धारा बापतको शुल्क | | | |
| १४२१७ | खानेपानी, नहर तथा कुलो उपयोग बापतको शुल्क | | | |
| १४२१८ | विद्युत्त सेवा शुल्क | | | |
| १४२१९ | अन्य सेवा शुल्क | १०७२५१ | ११७९७६.१ | १२९७७३.७१ |
| **१४२२०** | **प्रशासनिक सेवा शुल्क** | **४९६,०००** | **५४५,६००** | **६००,१६०** |
| १४२२१ | न्यायिक दस्तुर | २०,००० | २२,००० | २४,२०० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | | |
| १४२२४ | परीक्षा शुल्क | | | |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | | | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४७६,००० | ५२३,६०० | ५७५,९६० |
| **१४२४०** | **दस्तुर** | **९७०,०००** | **१,०६७,०००** | **१,१७३,७००** |
| १४२४१ | पार्किङ शुल्क | ० | ० | ० |
| १४२४२ | नक्सापास दस्तुर | ३५०,००० | ३८५,००० | ४२३,५०० |
| १४२४३ | सिफारिश दस्तुर | ३६०,००० | ३९६,००० | ४३५,६०० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २०००० | २२,००० | २४,२०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | २०००० | २२,००० | २४,२०० |
| १४२४६ | मुल्यांकन दस्तुर | २००००० | २२०,००० | २४२,००० |
| १४२४९ | अन्य दस्तुर | २०,००० | २२,००० | २४,२०० |
| **१४३००** | **दण्ड, जरिवाना र जफत** | **५०,०००** | **५५,०००** | **६०,५००** |
| **१४३१०** | **दण्ड, जरिवाना र जफत** | **५०,०००** | **५५,०००** | **६०,५००** |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | ० | ० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०००० | ५५००० | ६०५०० |
| **१४४००** | **अनुदान बाहेकको हस्तान्तरण** | | | |
| **१४४१०** | **चालु हस्तान्तरण** | | | |
| १४४११ | चालु हस्तान्तरण | १ | १.१ | १.२१ |
| **१४४२०** | **पूँजीगत हस्तान्तरण** | | | |
| १४४२१ | पूँजीगत हस्तान्तरण | | | |
| **१४५००** | **विविध राजश्व** | | | |
| १४५१० | चालु दावी तथा अन्य शुल्कहरु | | | |
| १४५११ | बीमा दावी प्राप्ती | | | |
| **१४५२०** | **अन्य राजश्व** | २ | २ | २ |
| १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | | | |
| १४५२२ | साना सवारी कर | १ | १ | १ |
| १४५२३ | लागत सहभागिता | १ | १ | १ |
| १४५२९ | अन्य राजश्व (विविध आय) | | ० | ० |
| **१४५३०** | **पूंजीगत राजश्व** | | | |
| १४५३१ | सरकारी घर, जग्गा, गुडविल बिक्रीबाट प्राप्त आय | | | |
| **१५०००** | **बेरुजु** | | | |

| राजश्व संकेत | राजश्व शिर्षक | प्रक्षेपित आय (आ.व.) | | |
|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| १५१०० | **बेरुजु** | | | |
| १५११० | **बेरुजु** | | | |
| १५१११ | बेरुजु | | | |
| ३३००० | **दायित्व** | | | |
| ३३१०० | **आन्तरिक दायित्व** | | | |
| ३३१९० | **खुद आन्तरिक ऋण** | | | |
| ३३१९१ | ऋण पत्र मार्फत् प्राप्त ऋण | | | |
| ३३१९२ | अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण | | | |
| ३३१९३ | अन्य संघ संस्थाबाट प्राप्त ऋण | | | |
| ३३२०० | **वाह्य वित्तिय दायित्व** | | | |
| ३३२४० | **खुद वैदेशिक ऋण** | | | |
| ३३२४१ | वैदेशिक ऋणको प्राप्ति | | | |
| **जम्मा राजश्व, अनुदान तथा दायित्व** | | ४८९,७९६,००३ | ५३९,४७७,५५३ | ५९४,३७६,७६६ |

## ६.२ आमागी तीन आर्थिक वर्षको आय प्रक्षेपण


राज्य पुर्नसंरचना गर्दा गठन भएको यस गाउँपालिकाले स्थानीय सरकारको रुपमा अधिकार प्राप्त गरेको छ । यस अध्ययन प्रतिवेदनमा बदलिंदो परिवेश अनुसार राजश्वपरिचालनका क्षेत्रमा गर्नुपर्ने कृयाकलापहरूको पहिचान र योजनाका साथमा अगामी आर्थिक तीन वर्षहरूमा संकलन हुन सक्ने राजश्वको प्रक्षेपण गरिएको छ । सारांशमा राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात गाउँपालिकाको आय संरचनालाई तलको तालिकामा दिईएको छ । राजश्व बाँडफांडको प्रक्षेपण गर्दा हाल बाँडफाँड भई आएका स्रोतहरूको मात्र प्रक्षेपण गरिएकाले भविष्यमा गाउँपालिकाले राजश्व आयमा उल्लेख गरिएभन्दा बढी आय प्राप्त हुने अवस्था रहेको छ ।

**तालिका १४ गाउँपालिकाको आय संरचना**

| क्र.सं. | शिर्षक | आ.व. | | |
|---|---|---|---|---|
| | | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| १ | आन्तरिक आय | ५,९९३ | ७,२९४ | ८,९७५ |
| २ | राजश्व बाँडफाँडबाट प्राप्त आय | ७२,६०० | ७९,८६० | ८७,८४६ |
| ३ | अनुदान | ४११,२०३ | ४५२,३२३ | ४९७,५५६ |
| **जम्मा** | | ४८९,७९६ | ५३९,४७८ | ५९४,३७७ |

राजस्व सुधार कार्ययोजनाले सुझएका करका क्षेत्रहरुमा पूर्णरुपमा कार्यान्वयन गर्न सकिए गाउँपालिकालाई आगामी ३ वर्षमा प्राप्त हुने आन्तरिक आय वापतको रकम यस प्रकार प्रक्षेपण गरिएको छ ।

**गाउँपालिकाको आगामी तीन वर्षको आन्तरिक आय प्रक्षेपणको ग्राफ**



## परिच्छेद सात : अपेक्षित नतिजा

गाउँपालिकालाई राजश्व संकलन अधिकार उल्लेख्य रुपमा प्रदान गरिएतापनि गाउँपालिकाको दायरा अधिक देखिदैन । गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रका सम्भाव्य सबै कर, शुल्क तथा दस्तुर संकलन गर्ने प्रयास गरेको देखिन्छ । सिमित साधन र श्रोतका कारण राजश्व प्रशासन प्रभावकारी हुन नसक्ने भएकोले तत्काल राजश्व बृद्धिमा योगदान पुऱ्याउन मद्दत गर्ने केहि महत्वपुर्ण र प्रभावकारी श्रोतहरूको संकलन तर्फ ध्यान दिनु उपयुक्त देखिन्छ । साथै राजश्व सुधार कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरूलाई पनि प्राथमिकीकरण गरी कार्यान्वयन गर्नु उचित हुन्छ । गाउँपालिकाले राजश्वको प्रभावकारी संकलनका लागि प्राथमिकताका आधारमा तत्काल जोड दिनुपर्ने राजश्वका शीर्षकहरू निम्नानुसार छन ।

- सम्पत्तिकर
- व्यवसाय कर
- बहाल कर
- नक्सापास दस्तुर

उपरोक्त करको प्रभावकारी संकलनका लागि प्राथमिकताका आधारमा गर्नुपर्ने क्रियाकलापहरू निम्नानुसार छन् ।

- आवश्यक जनशक्ति तथा छुट्टै भौतिक सुविधा सहितको राजश्व शाखा स्थापना गर्ने
- सम्पत्तिकर वैज्ञानिक ढङ्गले लागु गर्ने
- तथ्याङ्क संकलन र अद्यावधिक गर्ने ।

गाउँपालिकालाई राजस्व संकलन अधिकार उल्लेख्य रुपमा प्रदान गरिएकोले गाउँपालिकाको दायरा फराकिलो देखिन्छ । गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रका सम्भाव्य सबै कर, शुल्क तथा दस्तुर संकलन गर्ने प्रयास गरेको देखिदैन । यस कारण राजस्व प्रशासन प्रभावकारी हुन नसक्ने भएकोले तत्काल राजस्व बृद्धिमा योगदान पुऱ्याउन मद्दत गर्ने केहि महत्वपुर्ण र प्रभावकारी श्रोतहरूको संकलनतर्फ ध्यान दिनु उपयुक्त देखिन्छ । साथै राजस्व सुधार कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरूलाई पनि प्राथमिकीकरण गरी कार्यान्वयन गर्नु उचित हुन्छ । गाउँपालिकाले प्रभावकारी संकलनमा प्राथमिकताका आधारमा तत्काल जोड दिनुपर्ने राजस्वका शीर्षकहरू निम्नानुसार छन् ।

- सम्पत्तिकर
- व्यवसाय कर
- घर बहाल कर
- नक्सापास दस्तुर

त्यसैगरी, मेलुङ गाउँपालिकाले राजस्व बृद्धि एवं करको प्रभावकारी संकलनका लागि प्राथमिकताका आधारमा निम्नानुसारका क्रियाकलापहरू गर्न सिफारिस गरिन्छ ।

- कर सचेतना सम्वन्धी कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने
- आवधिक रुपमा उद्योगी तथा व्यवसायीहरुसँग कर राजस्वसम्बन्धी विषयमा छलफल तथा अन्तरक्रिया गर्ने
- पूर्वाधार विकासका क्षेत्रमा लगानीलाई प्रवर्धन र प्रोत्साहन गर्न सार्वजनिक नीजि साँझेदारी नीति तर्जुमा गरी कार्यान्वयनमा जोड दिने
- आवश्यक जनशक्ति तथा भौतिक सुविधा सहितको राजस्व शाखा गठन गर्ने
- राजश्व आम्दानीका सम्भावना रहेका श्रोतहरुको खोजि गर्ने, तथ्यांक संकलन र अद्यावधिक गर्ने
- बहाल विटौरी करका क्षेत्रहरुको पहिचान र ठेक्का निर्धारण गर्ने
- कर चुक्ता विना सेवा सुविधा नगराउने ब्यवस्थाको प्रभावकारी तवरले कार्यान्वयन गर्ने
- करदाताहरूलाई नियमित रुपमा पत्र, एसएमएस वा विद्युतिय सूचना पठाउने
- आन्तरिक राजश्व कार्यालयसंगको समन्वयमा व्यवसाय कर असुलीलाई प्रभावकारी बनाउने
- नक्सापास प्रकृयालाई सरलिकृत गर्दै यसबाट आय स्रोत वृद्धिमा ध्यान दिनु पर्ने र भौगोलिक सूचना प्रणाली र राजश्व शाखा बीच निकटतमसम्वन्ध स्थापना गर्ने । साथै नक्सा पास विवरण, बहालकर र ब्यवसाय करलाई समेत कम्प्युराइज्ड गर्ने
- लेखा प्रणालीलाई व्यवस्थित गरी पेश्की नियन्त्रण, प्रोदभावी लेखा प्रणाली कार्यान्वयन तथा ब्यवस्थापन र स्थिर सम्पत्तिहरूको संरक्षण र परिचालन  गर्ने ।

## परिच्छेद आठः कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन

स्थानीय सरकार संचालन ऐनको व्यवस्था अनुसार राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी आय अनुमान गर्ने र स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिलाई आगामी ३ आर्थिक बर्षको आय अनुमान गर्ने कार्यमा यो राजस्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । यसै सन्दर्भमा प्रस्तुत कार्ययोजना हरेक आर्थिक बर्षको फाल्गुण महिनासम्ममा राजस्व सुधार कार्ययोजना तयार गरी सम्बन्धित समितिलाई उपलब्ध गराएमा समितिबाट गरिने निर्णयहरूका लागि आवश्यक आधार हुनेछ । राजस्व सुधारका नीति, क्रियाकलापहरू तथा वजेट अनुमान पश्चात् राजस्व सुधार कार्ययोजना अनुसारका क्रियाकलापहरू संचालन भए नभएको तथा अनुमान अनुसार आय असुली भएको नभएको सम्वन्धमा नियमित रुपमा अनुगमन गर्ने, आगामी आर्थिक बर्षको आय प्रक्षेपणको लागि त्यस अवधिसम्मको क्रियाकलाप तथा आय असुली अवस्थाको मूल्याङ्कन गर्ने तथा आर्थिक बर्ष सम्पन्न भएपछि सो आर्थिक बर्षको लागि तय गरिएको क्रियाकलापहरू तथा आय असुली अवस्थाको मूल्याङ्कन गर्न आवश्यक हुन्छ ।

यस राजस्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्याङ्कनको लागि निम्न चार तहको अनुगमन तथा मूल्याङ्कनको व्यवस्था सिफारिश गरिएको छ ।

**(क) कार्यालय स्तरको अनुगमनः**

यो स्तरको अनुगमन तथा मूल्याङ्कनको लागि प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा तथा अन्य सम्वन्धित शाखाका प्रतिनिधिहरूलाई जिम्मेवार वनाउनु पर्दछ । स्थानीय सरकारले कम्तिमा महिनामा एक पटक बैठक वसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्नेतर्फ आवश्यक कार्यगत निर्णयहरू गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

**(ख) राजस्व परामर्श समितिवाट अनुगमन तथा मूल्याङ्कनः**

राजस्व परामर्श समितिले चौमासिक रुपमा राजस्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय सङ्कलनको अवस्थाको नियमिति अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक बर्षको लागि आयको अनुमान गर्ने कार्य, पूर्व भएका कार्यको मूल्याङ्कन गरी स्रोत, दर तथा दायरामा सुधारको लागि क्रियाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ । यसका अतिरिक्त आर्थिक बर्षको समाप्ती पश्चात् राजस्व सुधार योजनाको समिक्षा गरिन्छ ।

**(ग) कार्यपालिकावाट अनुगमन तथा मूल्याङ्कनः**

कार्यपालिकाको बैठकले राजस्व परामर्श समितिवाट प्रस्तुत गरेका सुझावहरूलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ । छलफलको क्रममा राजस्व सुधार योजना तथा आय असुली अवस्थाको समिक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु आवश्यक भएमा निर्णय गरिन्छ ।

**(घ) वाह्य अनुगमन तथा मूल्याङ्कनः**

राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजीकरण गर्न चाहने संघिय मामला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरू आदिले अनुगमनको लागि सहयोग प्रदान गर्न सक्नेछन् । यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय सरकारको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ । राजस्व प्रशासनसँग सम्वन्धित तथ्यांक वाहेक योजना कार्यान्वयन प्रक्रियाको अनुगमन तथा करदाताहरूको अनुभुति सङ्कलन पनि अनुगमनको मुख्य विधि हुन सक्नेछ ।

# अनुसूचीहरु

## अनुसूची १ः तथ्यांक संकलन सूची

### राजस्व सुधार कार्य योजना तर्जुमा

**गाउँपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्थाः**

- संक्षिप्त परिचय ः
    - नामांकरण
    - घरधुरी तथा जनसंख्या
    - क्षेत्रफल तथा वडा विभाजन
    - प्रशिद्ध स्थलहरू
- मुख्य पूर्वाधारको अवस्था
    - सडक, बाटो, पुल
    - बिजुली
    - खानेपानी तथा सिंचाई
    - सावर्जनिक भवन तथा पूर्वाधारहरू
    - फोहरमैला व्यवस्थापन (फोहरको परिमाण र व्यवस्थापनको अवस्था)
- आर्थिक अवस्था र भौगोलिक बनोट
    - उद्योग, व्यवसाय तथा कलकारखाना
    - मुख्य व्यापारिक केन्द्रहरू
    - भौगोलिक अवस्थिती
    - प्राकृतिक तथा पर्यटकिय सम्पदा

**गाउँपालिकाको संगठन तथा राजस्व  प्रशासन ः**

- हालको संगठन संरचना
    - निर्वाचित पदाधिकारीहरूको विवरण (संकलन गर्ने)
    - कर्मचारीहरूको विवरण (संगठन संरचना सहित संकलन गर्ने)
- राजस्व  शाखा तथा राजस्व प्रशासन
    - राजस्व  शाखामा कार्यरत कर्मचारीहरूको विवरण
    - कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता
    - फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरू
    - राजस्व  सम्बन्धी डाटा वेस
    - राजस्व  प्रशासनमा सफ्फट्वेयर र त्यसको प्रयोग
    - कप्यूटर विलि· प्रणालिको प्रयोग,
- भौतिक सुविधाहरू
    - कार्यालयका भवनहरू
    - सावरी साधन
    - फर्निचर, कम्प्युटर, प्रिन्टर

**गाउँपालिकाको आय (आन्तरि तथा वाह्य) सम्बन्धी विवरण ः**

- आ.व. ०७४/७५ को यथार्थ आय विवरण
- चालु आर्थिक वर्षको (२०७५/७६) को अनुमानीत/बजेट विवरण
- चालु आर्थिक वर्षका लागि नगर/गाउँसभाले पारित गरेको कर, शुल्क तथा दस्तुरका दरहरू

**अन्य दस्तावेज तथा सूचनाहरू**

- गाउँसभाले पारित गरेको आर्थिक ऐन
- राजस्वसंग सम्बन्धित अन्य नीति तथा कार्यक्रमहरू
- राजस्व परिचालनकालागि भएका प्रभावकारी प्रयासहरू

## अनुसूची २ः तथ्यांक संकलन फारम

**१. गाउँपालिकाको आयका स्रोतहरू तथा हालको अवस्था**

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| क. | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | | | |
| | सम्पीत्त कर | | | |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | | | |
| | घर जग्गा बहाल कर | | | |
| | व्यवसाय कर | | | |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | | | |
| ख. | **अन्य राजस्व** | | | |
| | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढ·ा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | | | |
| | नक्सापास दस्तुर | | | |
| | व्यक्तिगत घटना दर्ता शुल्क | | | |
| | वहाल विटौरी शुल्क | | | |
| | पार्कि· शुल्क | | | |
| | अस्पताल संचालन | | | |
| | फोहरमैला व्यवस्थापन शुल्क | | | |
| | स्थानीय खानेपानी महसुल | | | |
| | स्थानीय विद्युत महसुल | | | |
| | केवलकार, टेकिड·, कायाकिड·, वन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडि· आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | | | |
| | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुल आदि | | | |
| | मूल्यांकन सेवा शुल्क | | | |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म | | | |
| | ढुंगा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुंगा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | | | |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | | | |
| | दण्ड जरिवाना | | | |

**२ः गाउँपालिकाको स्वामित्व वा भोगचलनमा रहेका जग्गा**

| क्र.सं. | जग्गा रहेका स्थान | कि.न. | क्षेत्रफल | हालको उपयोग | भाडा वा बहाल रकम (यदी भएमा) |
|---|---|---|---|---|---|
| क | स्वामित्वमा रहेको जग्गा | | | | |
| | | | | | |
| | | | | | |
| ख | भोगचलनमा रहेको जग्गा | | | | |
| | | | | | |
| | | | | | |

**३ः गाउँपालिकाको स्वमित्वमा रहेका भवन**

| क्र.सं. | स्थान | भवनको विवरण (कोठा समेत) | हालको उपभोग | भाडा वा बहाल रकम (यदी भएमा) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

*नोट ः विवरण लेख्ने ठाउँ अपुग भएमा छुट्टै पानामा लेख्ने ।*

**४ः करमा आधारित सूचनाहरू**

**क. सम्पत्ति करसम्बन्धी विवरण**

गाउँपालिकामा दर्ता भएका जम्मा करदाता संख्या ः ..................

आ.व. २०७६।७७मा कर तिर्ने करदाता संख्या ः .................. संकलित रकम ः .................

**ख. भवन सम्बन्धी विवरण**

| क्र.सं. | घरको वर्गीकरण | अनुमानित संख्या | बहालमा भएको संख्या | औसत बहाल दर |
|---|---|---|---|---|
| १ | ब्यापारीक प्रयोजनका लागि निर्मित भवन/घरहरू<br>*(नोटः ब्यपारीक कम्पलेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, नीजिविद्यालय तथा क्यापस आदी)* | | | |
| २ | औद्योगिक प्रयोजनका भवन/घरहरू | | | |
| ३ | आवासिय भवन/घरहरू | | | |
| ३.१ | *कच्ची घरहरू - कच्ची जोडाई तथा छाना)* | | | |
| ३.२ | *अर्ध कच्ची घरहरू (माटोको जोडाई र कंक्रिट वा स्टिलको छाना भएका)* | | | |
| ३.३ | *पिलर सिस्टम नभएको पक्कि घर (Without RCC Frame Structure)* | | | |
| ३.४ | *पिलर सिस्टम भएको पक्कि घर (With RCC Frame Structure)* | | | |
| | **जम्मा** | | | |

**ग. जग्गा सम्बन्धी विवरण**

| क्र.सं. | जग्गाको किसिम | स्थान | अनुमानीत जग्गाधनी | अनुमानित क्षेत्रफल | औसत मुल्यांकन दर (मालपोत कार्यालयको आधारमा) |
|---|---|---|---|---|---|
| १ | शहरी क्षेत्र | | | | |
| २ | आवासिय क्षेत्र | | | | |
| ३ | कृषी क्षेत्र | | | | |
| ४ | वन तथा अन्य क्षेत्र | | | | |
| | **जम्मा** | | | | |

**घ. सवारी साधनसम्बन्धी विवरण**

गाउँपालिकामा दर्ता भएका जम्मा करदाता संख्या : .................

कर तिर्ने करदाता संख्या : .................  संकलित रकम : ................

| क्र.सं. | सवारी साधन | अनुमानित संख्या | कैफियत |
|---|---|---|---|
| १ | अटो रिक्सा तथा ई-रिक्सा | | |
| २ | ठेलागाडा, टाँगा, रिक्सा | | |
| **जम्मा** | | | |

**ङ. व्यापार व्यवसाय सम्बन्धी विवरण**

गाउँपालिकामा दर्ता भएका जम्मा करदाता संख्या : .................

आ.व. २०७६।७७मा कर तिर्ने करदाता संख्या : .................  संकलित रकम : ................

| क्र.सं. | व्यापार व्यवसायको विवरण | साना लगानी | मझौला लगानी | ठुला लगानी | कैफियत |
|---|---|---|---|---|---|
| १ | उद्योग | | | | |
| २ | वित्तिय संस्था (बैक, विकास बैक, सहकारी, विमा आदि) | | | | |
| ३ | ब्यापारिक भवन, मल, निजी अस्पताल, संस्थागत कलेज विद्यालय | | | | |
| ४ | डिलर तथा थोक विक्रेता | | | | |
| ५ | अन्य ब्यवसायहरू | | | | |

**छ. खानीजन्य वस्तु विक्री तथा निकासी**

| क्र.सं. | उत्पादन/उत्खनन स्थल | बस्तुहरू | कुल उत्खनन योग्य परिणाम | विक्री मुल्य | संभाव्य निकासी परिमाण |
|---|---|---|---|---|---|
| | | ढुंगा | | | |
| | | गिट्टी | | | |
| | | बालुवा | | | |
| | | ढुंगा | | | |
| | | गिट्टी | | | |
| | | बालुवा | | | |

*नोट : विवरण लेख्ने ठाउँ अपुग भएमा छुट्टै पानामा लेख्ने ।*

**ज. जडिबुटी, कवाडी र जिव जन्तु (ब्यवसायिक उपयोग)**

| क्र.सं. | बस्तुहरू | इकाई | कुल संकलन परिणाम | अनुमानित मुल्य |
|---|---|---|---|---|
| क. | जडिबुटी जन्य बस्तुहरू | | | |
| | | | | |
| | | | | |
| ख. | कवाडी जन्य बस्तुहरू | | | |
| | | | | |
| ग. | जिवजन्तु | | | |
| | | | | |
| | | | | |
| | | | | |

**झ. वहाल विटौरी**

| क्र.सं. | सम्पत्तिहरू | स्थान | इकाई | परिमाण | दर |
|---|---|---|---|---|---|
| क. | भवन तथा कोठाहरू | | | | |
| | | | | | |
| | | | | | |
| ख. | मेसिनहरू | | | | |
| | | | | | |
| | | | | | |
| ग. | सार्वजनिक सम्पत्ति | | | | |
| | | | | | |
| | | | | | |
| घ. | हाट बजार | | | | |
| | | | | | |

**ञ. गाउँपालिकाले निर्माण, संचालन तथा व्यवस्थापन गरेका तथा सेवाग्राहीलाई उपलब्ध गराउने सेवा**


| क्र.सं. | सेवाहरू | उपलब्ध गराईएको स्थान वा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको संभावना के छ ? | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| १ | फोहर मैला व्यवस्थापन | | | | |
| २ | स्थानीय खानेपानी | | | | |
| ३ | बिजुली | | | | |
| ४ | धारा | | | | |
| ५ | अतिथि गृह | | | | |
| ६ | धर्मशाला | | | | |
| ७ | पुस्तकालय | | | | |
| ८ | सभागृह | | | | |
| ९ | ढल निकास | | | | |
| १० | सडक बत्ति | | | | |
| ११ | सार्वजनीक शौचालय | | | | |
| १२ | पार्क | | | | |
| १३ | पौडी पोखरी | | | | |
| १४ | ब्यायमशाला | | | | |
| १५ | पर्यटकिय स्थल | | | | |
| १६ | पशु बधशाला | | | | |
| १७ | शवदाह गृह | | | | |
| १८ | बसपार्क | | | | |
| १९ | अन्य पार्किङ क्षेत्र | | | | |
| २० | सिफारिश तथा प्रमाणित | | | | |
| २१ | दर्ता, अनुमाति, नवीकरण दस्तुर | | | | |
| २२ | मूल्यांकन सेवा शुल्क | | | | |
| २३ | नक्सापास | | | | |
| २४ | अन्य ................ | | | | |
| | | | | | |
| | **जम्मा** | | | | |

**अनुसूची ३ः राजस्व सुधार कार्ययोजना तर्जुमा क्रममा भएका छलफल तथा अवलोकनका केही झलकहरु**









Zoom Meeting
Indra Chapagain
Krishna Adhikari
GIONEE F103 Pro
YADAV GHIMIRE
Mahendra Bishwakarma
Santosh paudyal
Nara b shrestha dolakha
विपना सूर्यवंशी ,मेलु...
IT Melung_Sures...
Participants (9)
Find a participant
Krishna Adhikari (Me)
Indra Chapagain (Host)
YADAV GHIMIRE
GIONEE F103 Pro
Mahendra Bishwakarma
Nara b shrestha dolakha
Santosh paudyal
IT Melung_Suresh Bhandari
Invite
Mute Me



Indra Chapagain
Krishna Adhikari
YADAV GHIMIRE
Hira Tholar
बिपना सूर्यवंशी ,मेलु...
Mahendra Bishw...
IT Melung
Santosh paudyal


Switch to Shared Content
View Options
View
Indra Chapagain
Krishna Adhikari
YADAV GHIMIRE
Hira Tholar
बिपना सूर्यवंशी ,मेलु...
Mahendra Bishw...
Santosh paudyal
IT Melung
Hira Tholar
Leave


Krishna Adhikari
Indra Chapagain
YADAV GHIMIRE
Hira Thokar
Participants (8)
Krishna Adhikari (Me)
YADAV GHIMIRE (Host)
Hira Thokar
Indra Chapagain
IT Melung
Mahendra Bishwakarma
Santosh paudyal
Invite
Mute Me


Krishna Adhikari
YADAV GHIMIRE
Hira Thokar
Santosh paudyal
Participants (8)
Krishna Adhikari (Me)
YADAV GHIMIRE (Host)
Hira Thokar
Indra Chapagain
IT Melung
Mahendra Bishwakarma
Santosh paudyal
Indra Chapagain
Invite
Mute Me


विपना सूर्यवंशी ,मे...
Santosh paudyal
IT Melung
Participants (8)
Kristina Adhikari (Me)
YADAV GHIMIRE (Host)
Hira Thokar
Indra Chapagain
Mahendra Bishwakarma
IT Melung
Santosh paudyal
Invite
Mute Me


अनुसूची -१
मेलुङ गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने एकिकृत सम्पत्ति
एकिकृत सम्पत्ति करको दर
क.सं.
विवरण
एकीकृत सम्पत्ति कर
१ रू. १ देखि २ लाख सम्म २०.००
२ रू. २ लाख १ देखि ३ लाख सम्म २५.००
३ रू. ३ लाख १ देखि ४ लाख सम्म ३०.००
४ रू. ४ लाख १ देखि ५ लाख सम्म ४०.००
५ रू. ५ लाख १ देखि ६ लाख सम्म ५०.००
६ रू. ६ लाख १ देखि ७ लाख सम्म ६०.००
७ रू. ७ लाख १ देखि ८ लाख सम्म ७०.०० सत्तरी रूपैया मात्र
८ रू. ८ लाख १ देखि ९ लाख सम्म ८०.०० असी रूपैया मात्र
Indra Chapagain
Krishna Adhikari
YADAV GHIMIRE
Santosh paudyal
विपना सूर्यवंशी ,मेत्र...
Mahendra Bishw...


मेलुङ गाउँपालिका

